# प्रभाव दैनिक
National Daily



**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्वन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरूद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष १३ | अंक २२ | काठमाडौं | शुक्रबार, १ जेठ २०८३ | Prabhab National Daily | Friday, 15 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


सरकारले ल्यायो महत्वाकांक्षी बजेट खाका

# डिजिटल सुशासनदेखि ‘टेक हब’ नेपालसम्म

- डिजिटल सुशासन, कृत्रिम बुद्धिमत्ता, डेटा-आधारित प्रशासन, ऊर्जा व्यापार, डिजिटल अर्थतन्त्र, हरित पूर्वाधार, सामाजिक सुरक्षा पुनःसंरचना र ‘टेक हब’ निर्माणसम्मका अवधारणाहरु बजेटका सिद्धान्त र प्राथमिकतामा
- सहकारी, उत्पादक कम्पनी, करार खेती र कृषि उद्यम समूहमार्फत किसानलाई बजार, बीमा, वित्त, प्रशोधन र मूल्य सुनिश्चिततासँग जोडिने योजना
- विदेशमा रहेका नेपाली समुदायको पूँजी, ज्ञान, सीप र सञ्जाललाई राष्ट्रिय विकासमा परिचालन गर्न ‘डायस्पोरा साझेदारी’ सुदृढ गरिने

**जेबी योञ्जन**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट सुशासन, डिजिटल प्रशासन, उत्पादनमुखी अर्थतन्त्र, पूर्वाधार विस्तार र सामाजिक पुनःसंरचनालाई केन्द्रमा राखेर ल्याउने भएको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले बिहीबार संसद्मा प्रस्तुत गरेको विनियोजन विधेयकका ४० बुँदे सिद्धान्त तथा प्राथमिकतामा राज्य संरचनादेखि अर्थतन्त्रसम्म व्यापक सुधारको महत्वाकांक्षी खाका सार्वजनिक गरेका छन्।

सरकारले आगामी बजेटलाई ‘थिति बसाल्ने’ अभियानको आर्थिक आधारका रूपमा प्रस्तुत गर्दै सुशासन, रोजगारीमूलक आर्थिक वृद्धि, गुणस्तरीय सार्वजनिक सेवा र सामाजिक न्यायलाई मुख्य प्राथमिकता बनाएको जनाएको छ। डिजिटल सुशासन, कृत्रिम बुद्धिमत्ता, डेटा-आधारित प्रशासन, ऊर्जा व्यापार, डिजिटल अर्थतन्त्र, हरित पूर्वाधार, सामाजिक सुरक्षा पुनःसंरचना र ‘टेक हब’ निर्माणसम्मका अवधारणाहरू बजेटका सिद्धान्त र प्राथमिकतामा



समेटिएका छन्।

सरकारले आगामी बजेटका लागि पाँच प्रमुख मार्गदर्शक सिद्धान्त तय गरेको छ। ती हुन्- सुशासनको लाभांश, अर्थतन्त्रको पुनःसंरचना, एकीकृत पूवाधारमार्फत सन्निकटता विस्तार, सर्वव्यापी सामाजिक उन्नयन तथा मध्यमवर्ग विस्तार र सौम्य शक्तिको सुदृढीकरण। यसबाहेक सरकारले ४० बुँदे प्राथमिकता सार्वजनिक गरेको छ।

## सुशासनको जग बसाल्ने

सरकारले सार्वजनिक सेवा प्रवाहलाई डिजिटल र नागरिकमैत्री बनाउने दाबी गरेको छ। नागरिकले लाइन बस्नुपर्ने, अनावश्यक झन्झट भोग्नुपर्ने र बिचौलियाको भर पर्नुपर्ने अवस्थाको अन्त्य गर्ने सरकारको घोषणा छ।

अर्थमन्त्री डा. वाग्लेले प्रस्तुत गरेको विनियोजन विधेयकका सिद्धान्तमा ‘एक पटक विवरण-सबै सेवामा प्रयोग’ अवधारणाअनुसार राष्ट्रिय परिचयपत्रमा आधारित एकीकृत डाटाबेस निर्माण गरिने उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

## विरोध र बहिष्कारबीच नीति तथा कार्यक्रम बहुमतले पारित

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री वालेन्द्र शाहले प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठकमा अनुपस्थित भएर सदनको अवमूल्यन गरे पनि सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पारित भएको छ।

प्रतिनिधिसभामा विपक्षी दलहरूको विरोध र असन्तुष्टिका बीच राष्ट्रपति रामचन्द्र पौडेलले २८ वैशाखमा प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रम पारित भएको हो।

संसदीय अभ्यासअनुसार सरकारको नीति तथा कार्यक्रममाथि छलफल प्रारम्भ गर्ने र त्यसको जवाफ प्रधानमन्त्रीले दिने परम्परा भए पनि यसपटक प्रधानमन्त्री शाहले क्रमभंगताको नाममा संसदप्रति अनुत्तरदायी हुँदा विपक्षी दलहरूले कडा आपत्ति जनाएका थिए। यद्यपि, रास्वपाको बहुमतको बलमा नीति तथा कार्यक्रम पारित गरिएको हो।

सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा सुशासन, डिजिटल प्रशासन, उत्पादनमुखी अर्थतन्त्र, पूर्वाधार विकास र सामाजिक पुनःसंरचनालाई प्रमुख प्राथमिकतामा राखिएको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रधानमन्त्रीको अनुपस्थितिमा संसद्मा नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गर्ने प्रस्ताव प्रस्तुत गरेका थिए।

क्रमशः पृष्ठ २ मा

# सरकारको निसानामा निजी क्षेत्र, चौतर्फी विरोध शुरू



जसलाई मन लाग्यो त्यसलाई उठाइदिने ? त्यसै पनि हाम्रो अर्थतन्त्र जर्जर भएको छ । यस्तो बेला राज्यले सनकको आधारमा निजी क्षेत्रसँग यस्तै व्यवहार गर्दै गयो भने यसको ठुलो मुल्य हामीले चुकाउनुपर्ने अवस्था आउँछ

**गगन थापा**
**सभापति, नेपाली कांग्रेस**

विगत करिब चार वर्षदेखि शिथिल बन्दै गईरहेको अर्थतन्त्र हालै बनेको करिब दुई तिहाईको सरकारले लिने नीति र व्यवसायीमैत्री व्यवहारपछि गतिशिल बन्ने अपेक्षा निजी क्षेत्रले गरेको छ । तर, यस्ता गतिविधिले लगानी अभिवृद्धि हुने, लगानीकर्ता सुरक्षित महसुस गर्ने विषयबाट विमुख हुन नपरोस् भन्ने चाहना सहित महासंघ व्यवसायिक आत्मविश्वास बढाउने वातावरण निर्माण गर्न सरकारसँग अपिल गर्दछ

**नेपाल उद्योग वाणिज्य महासंघ**




**प्रभाव संवाददाता**

**काठमाडौं–** निजी क्षेत्रमैत्री बन्ने नारा बोकेको सरकारले पछिल्लो दिन व्यवसायीमाथि धरपकड बढाएसँगै विरोध शुरु भएको छ। सरकारले व्यवसायीमाथि यस्तै व्यवहार जारी राखे ठुलो मुल्य चुकाउनुपर्ने अवस्था आउन सक्ने कांग्रेस सभापति गगन थापाले बताए।

सरकारलाई मन लाग्दैमा प्रहरी लगाएर व्यवसायीमाथि गरिएको धरपकड आपत्तिजनक रहेको सभापति थापाले बताएका हुन्। ‘जसलाई मन लाग्यो त्यसलाई उठाइदिने ? त्यसै पनि हाम्रो अर्थतन्त्र जर्जर भएको छ। यस्तो बेला राज्यले सनकको आधारमा निजी क्षेत्रसँग यस्तै व्यवहार गर्दै गयो भने यसको ठुलो मुल्य हामीले चुकाउनुपर्ने अवस्था आउँछ,’ सभापति थापाले भने।

बिहीबार पोखरा पुगेका थापाले कानुन बमोजिम दण्ड पाउने विषयमा कांग्रेसले कतै अवरोध सिर्जना नगर्ने बताए। प्रहरीले बुधबार नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योति पाण्डेलाई पक्राउ गरेपछि व्यवसायी त्रसित भएको व्यवसायीको तर्क छ। राज्यले यसप्रकारको धरपकड गरेर बैंकिङ क्षेत्रको साखमै असर पुर्‍याएको नेपाल उद्योग वाणिज्य महासंघले जनाएको छ।

‘सरकारले प्रारम्भिक अनुसन्धान गर्नु अगावै उद्योगी व्यवसायीलाई पक्राउ गर्ने, मिडिया ट्रायल गर्ने जस्ता कार्य गर्दा सम्बन्धित व्यवसायीहरूको मान प्रतिष्ठामा समेत आँच पुग्न जाने हुँदा यस्ता अनुसन्धान गोप्य रूपमा गर्न र उद्योगी व्यवसायीमाथि देवानी दायित्व सिर्जना हुने मुद्दाको छानबिन, अभियोजन सोही अनुरूप गर्न महासंघ आग्रह गर्दछ,’ महासंघले बिहीबार विज्ञप्ति जारी गर्दै भनेका छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले सिइओ पाण्डेलाई सिन्धुलीबाट पक्राउ गरेको थियो। यसै गरी केही निर्माण व्यवसायीलाई प्रहरीले नियन्त्रणमा लिएर भौतिक पूर्वाधार मन्त्रालय पुर्‍याएको थियो। नेपालको संविधानले दिएको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने व्यवस्थाको स्मरण गराउँदै महासंघले समग्र निजी क्षेत्र यसबारे सरकारलाई गम्भीर हुन आग्रह गरेको छ।

क्रमशः पृष्ठ २ मा


# नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अपिल

(१) नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघ बीच मिति २०७२/०४/०८ गते वैदेशिक रोजगारीलाई सुधार गर्न भएको ३१ बुँदे सहमतिलाई बिगतको सरकारले टुँगोमा नपुऱ्याएको हुँदा उक्त सहमति पत्र उपर छलफलको लागि हार्दिक अनुरोध गर्दछौं ।

(२) नेपालमा बार्षिक करीब ७%(करीब बीस हजार कामदार) मागपत्र (भिषा) निःशुल्क रुपमा श्रमिक लिने गरी प्राप्त भईरहेको देखिन्छ । श्रमिकको सम्पूर्ण लागत खर्च र इजाजत प्राप्त (मेनपावर) कम्पनीको सेवा शुल्क समेत व्योहर्ने रोजगारदाता कम्पनीलाई सम्मान गर्ने र प्रोत्साहन गर्दै जाने ।

(३) श्रमिकको लागि भिषा र हवाई टिकट निःशुल्क दिने तर इजाजतवाला (मेनपावर) कम्पनीलाई सेवा शुल्क नदिने रोजगारदाता कम्पनीहरु पनि रहेका छन । त्यस्तो मागपत्र (भिषा) को हकमा इजाजतवाला (मेनपावर) कम्पनीले श्रमिकबाट व्यवहारिक लागत खर्च लिन पाईने नीतिगत व्यवस्था गर्ने ।

(४) रोजगारदाता कम्पनीले श्रमिकको लागि निःशुल्क भिषा दिने तर हवाई टिकट (जाने) नदिए पनि श्रमिक आफै टिकट काटेर रोजगारीमा पुग्ने प्रचलन भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, म्यानमार, अफ्रिकी मुलुकहरुमा रहेको छ । नेपाल सरकारले श्रमिक पठाउने द.कोरिया र इजरायलमा पनि श्रमिक आफै टिकट काटेर गईरहेको हुदा रोजगारदाताले टिकट नदिएतापनि श्रमिक आफै टिकट काटेर जान इच्छुक भएमा रोजगारीमा जान दिने ।

(५) इजाजतवाला (मेनपावर) कम्पनीले प्रोफेसनल भिषा/काममा जाने श्रमिकको आधा महिनाको तलब, स्किल भिषा/ कामको हकमा एक महिनाको तलब, सेमी स्किल र अनस्किल भिषा/कामको हकमा दुई महिनाको लागत खर्च बापत तलब श्रमिकबाट लिन मिल्ने नीतिगत व्यवस्था गर्ने ।

(६) २०६४ सालको ऐनमा बैदेशिक रोजगारी सम्बन्धि कम्पनी खोल्नको लागि नगद धरौटि ७ लाख र २३ लाख बैंक ग्यारेन्टी राख्नुपर्ने नियम थियो । २०७६ सालमा तत्कालिन सरकारले न्युनतम् नगद धरौटि ५० लाख र बैंक ग्यारेन्टी १ करोड ५० लाख राख्नुपर्ने नियम बनाउने निर्णय गर्ने क्रममा व्यवसायीको चर्को बिरोध रह्यो । व्यवसायीलाई ब्याज दिने सहमति गर्यो तर नियमावली २५(३)(४) मा गलत ब्याख्या गर्यो । राष्ट्रिय र अन्तराष्ट्रिय प्रचलन अनुसार उधोग, कलकारखाना, कम्पनी खोल्नको लागि सामान्य नगद धरौटि भए पुग्ने व्यवस्था देखिन्छ । तसर्थ बैंक ग्यारेन्टीलाई यथावत राखेर नगद धरौटिको नियम खारेज गर्न सके व्यवसायीको ब्याजको बोझ कम भएर बैदेशिक रोजगारमा जाने श्रमिकलाई आर्थिक भार कम गर्नसक्ने देखिएको हुँदा नगद धरौटिको नियम खारेज गर्नुपर्ने ।

(७) एजेन्ट पहिचान गर्ने । कुनै श्रमिक एजेण्ट मार्फत आवेदन दिन आएको खण्डमा इजाजतवाला कम्पनीले एजेण्टलाई श्रमिकबाट थप रकम असुल्न बन्देज लगाई आफुले लिएको लागत शुल्कबाट एजेण्टलाई निश्चित रकम दिने ।

(८) एघार र बाह्र कक्षामा प्राविधिक शिक्षा (सिप सिकाउन) को अध्ययनका लागि सरकारले प्रदेश स्तरमा कलेज स्थापना गर्ने । हाल भईरहेको सरकार मातहतका प्राविधिक तालिम केन्द्रलाई प्राविधिक कलेजमा रुपान्तरण गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

(९) उत्पादित दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जान चाहन्छन् भने ति युवाहरुलाई बिना ब्याज ऋणको व्यवस्था गर्ने ।

(१०) प्रदेश स्तरमा अन्तराष्ट्रिय स्तरको सिप परीक्षण केन्द्र स्थापना गरेर वैदेशिक रोजगारीबाट सिप सिकेर फर्किएका श्रमिकको सिप परिक्षण गरी निशुल्क प्रमाणपत्र लिने व्यवस्था गर्ने ।

(११) नेपाली श्रमिक लिने रोजगारदाता मुलुकहरुमा “धन्यवाद” कार्यक्रम राख्ने । रोजगारदाता मुलुकको सरकार र रोजगारदाता संघ संगठन सँग सहकार्य सम्बन्ध बढाउन बैदेशिक रोजगार बोर्ड/नेपाल बैदेशिक रोजगार व्यवसायी संघलाई जिम्मेवारी दिने ।

(१२) मागपत्र प्रमाणिकरण दुतावास अनिवार्य गर्नु पर्नाको कारण नेपाली श्रमिकहरु आर्थिक भारमा परिरहेको हुँदा २०६४ मा तयार गरेको दफा १५ (च) लाई यथावत रुपमा फर्काउने । चेम्वर वा नोटरी, वा श्रम सहचारीले प्रमाणिकरण गरे हुने । पुर्व स्वीकृति र अन्तिम स्वीकृति लिएका मागपत्र/श्रमिकको विवरण दुतावासलाई रेकर्ड राख्न सहज बनाउनको लागी फेमिस प्रणालीमा जोड्ने ।

(१३) अन्तिम श्रम स्वीकृति, ऐनको दफा (१९) लाई भिषामा उल्लेख भएको पदको आधारमा वा रोजगारदाता कम्पनी वा इजाजतवाला (मेनपावर) ले प्रतिबद्धता जनाएको करारपत्रमा उल्लेख भएको पद, तलब र सेवा सुविधाको आधारमा श्रम स्वीकृति (निस्सा) दिने व्यवस्था गर्ने ।

(१४) वैदेशिक रोजगार ऐन २०६४ को दफा ७५ (३) थप गरी श्रमिकको दायित्व तोक्ने । रोजगारदाता कम्पनीमा पुगेपछि भनिएको काम, तलब, सेवा सुविधा प्राप्त हुँदा पनि करार अवधि अगावै श्रमिक काम गर्न मन नलनगी वा आफ्नै कारण नेपाल फिर्ता हुन चाहेमा निज श्रमिकको लागी रोजगारदाता कम्पनीले त्यहाँको सरकारलाई भुक्तानी गरेको भिषा परमिट/वर्कपरमिट शुल्कको क्षतिपुर्ति र फर्कने हवाई टिकट श्रमिक आफै व्यवस्था गर्नु पर्नेछ ।

**अन्तमा, माथी उल्लेखित बिषयहरुलाई तत्काल संशोधन/परिमार्जन गर्न सकेको खण्डमा बैदेशिक रोजगार व्यवसायी, व्यवसाय सम्मानित हुनेछन् । बार्षिक करीब सात अर्व राजस्व/कर बृद्धि भएर देशको अर्थतन्त्र बलियो बन्नेछ । नेपाल बैदेशिक रोजगार व्यवसायी संघ नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सहकार्य गर्ने प्रतिबद्धता सहित हार्दिक अपिल गर्दछौं ।**

भुवन सिं गुरुङ
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल काठमाडौं ।


सन्दर्भः वैदेशिक रोजगार

विमानस्थलबाट ठगी नियन्त्रणको प्रयास

# म्यानपावरलाई तिरेको यथार्थ रकम खुलाउँदैनन् श्रमिक

**ममता थापा**

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेटिएकी सिन्धुलीकी जमुनामाया तामाङले आफू मलेसिया जान लागेको बताइन्। पहिलोपटक वैदेशिक रोजगारीमा जान लागेको बताउने उनी प्रोडक्सन अपरेटरको काममा जाँदै थिइन्। रोजगारीमा जाँदाको सबै खर्च कम्पनीले व्यहोरेकाले एक रूपैयाँ पनि तिर्न नपरेको उनको भनाइ थियो। ‘जिरो कस्टमा जान लागेको हो। मेडिकलदेखि सबै कम्पनीले नै तिरेको छ। सबै खर्च जिरो हो। म्यानपावरले एक रूपैयाँ पनि मागेन,’ उनले भनिन्।

महोत्तरीका सन्तोषकुमार महरा कतार जाँदै थिए। लेबर कामका लागि जान लागेका उनको तलब एक हजार रियाल हुने भनिएको सुनाए। महराले पनि आफू जाँदाको सबै खर्च म्यानपावरले तिरिदिएको




बताए। ‘पैसा तिरेको छैन। फ्रि-भिसा, फ्रि-टिकटमा हो। सबै म्यानपावरले तिरिदियो,’ महराले भने।

सुरक्षा गार्डमा मलेसिया जान लागेका सर्लाहीका रामशरण महत धेरै वर्षदेखि बेरोजगार भएकाले बाध्यताले विदेश जान लागेको बताए। उनलाई सुरक्षा गार्डको तालिम कम्पनीले दिने भनिएको रहेछ। कति तिरेर जान लाग्नुभयो ? भन्ने प्रभावको प्रश्नमा उनले पनि १० हजार रूपैयाँमात्रै हो भने।

त्रिभुवन विमानस्थलमा रहेको श्रम सहायता कक्षका अधिकृतले चार लाख रूपैयाँ बुझाएर १० हजार भनेको त होइन नि ? भन्दा उनी मज्जाले हाँसे। ‘१० हजारमात्र बुझाएको हो,’ उनले हाँस्दै थपे, ‘सबै यस्तै त भइरहेको छ नि। यहाँ बेरोजगार हुनुभन्दा जानैपर्‍यो।’

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्थापना भएको श्रम सहायता कक्षमा रोजगारीमा जाने श्रमिकलाई विभिन्न प्रश्न सोधिन्छ।

क्रमशः पृष्ठ २ मा

## उजुरी गर्न दिँदैनन् चासो

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको श्रम सहायता तथा सूचना कक्षका अधिकृत भीम बस्नेतले श्रमिकहरूले म्यानपावरलाई १० हजार रूपैयाँमात्र तिरेको बताउने गरेको बताए। युवा, श्रम तथा रोजगार मन्त्रालयले श्रमिकले तिर्ने लागतको विषयमा अध्ययन गर्ने उद्देश्यले सञ्चालन गरेको सहायता कक्षमा रोजगारीमा जानेहरू यथार्थ कुरा बताउन डराउने गरेको उनको भनाइ छ। झण्डै एक महिनादेखि विवरण संकलन गरिरहेका उनी हालसम्म केहीले मात्र संस्थालाई रकम तिरेको बताएको तर उजुरी गर्न भने नचाहेको बताए।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमश:**

## डिजिटल...

नागरिकता, व्यवसाय दर्ता, कर, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, भूमि र बैंकिङ सेवा 'नागरिक एप'मार्फत उपलब्ध गराउने सरकारको योजना छ। सार्वजनिक प्रशासनमा कृत्रिम बुद्धिमत्ता (एआई), डेटा र डिजिटल प्रणालीको प्रयोग बढाइने उल्लेख गर्दै सरकारले 'थोरैले धेरै सेवा' दिने आधुनिक प्रशासन निर्माण गर्ने प्रतिबद्धता जनाएको छ।

भ्रष्टाचार नियन्त्रणलाई पनि सरकारले उच्च प्राथमिकतामा राखेको छ। सम्पत्ति शुद्धीकरण, राजस्व चुहावट, सार्वजनिक स्रोतको दुरूपयोग र संगठित अपराधविरुद्ध अनुसन्धान तथा अभियोजन प्रणालीलाई परिणाममुखी बनाइने घोषणा गरिएको छ। सार्वजनिक पदमा रहेका व्यक्तिको सम्पत्ति विवरण र खर्च प्रणालीलाई थप पारदर्शी बनाइने सरकारको भनाइ छ। त्यसैगरी, सार्वजनिक खरिद, सेवा प्रवाह र राजस्व प्रशासनमा जोखिम-आधारित अडिट प्रणाली लागू गरिने भनिएको छ।

### उत्पादनमुखी मोडेल

सरकारले आगामी बजेटमार्फत अर्थतन्त्रलाई उपभोगमा आधारित संरचनाबाट उत्पादन र लगानीमुखी ढाँचामा रूपान्तरण गर्ने लक्ष्य अघि सारेको छ। कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि र सेवा निर्यातलाई आर्थिक वृद्धिको मुख्य संवाहक बनाउने सरकारको रणनीति छ।

सरकारले 'नयाँ चरणको आर्थिक सुधार' अघि बढाउने घोषणा गर्दै निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापना, सिण्डिकेट र कार्टेलिङ अन्त्य तथा लगानीमैत्री वातावरण निर्माण गर्ने जनाएको छ।

कर प्रणालीलाई सरल र न्यायोचित बनाइने, उत्पादन र नवप्रवर्तनलाई प्रोत्साहन गरिने तथा स्वदेशी उद्योगको प्रतिस्पर्धात्मक क्षमता बढाउन अस्थायी संरक्षणात्मक उपाय अपनाइने उल्लेख गरिएको छ। नेपाललाई 'तौलरहित उच्च मूल्य सिर्जना गर्ने अर्थतन्त्र' मा रूपान्तरण गर्ने लक्ष्यसहित सफ्टवेयर, क्लाउड सेवा, डेटा सेन्टर, एआई कम्प्युटेशन, साइबर सुरक्षा र डिजिटल सेवाको निर्यात प्रवर्द्धन गरिने भएको छ।

सरकारले रिमोट वर्क, डिजिटल नोम्याड र अन्तर्राष्ट्रिय डिजिटल भुक्तानी प्रणालीलाई कानुनी मान्यता दिने योजना पनि सार्वजनिक गरेको छ। नेपाललाई क्षेत्रीय 'टेक हब' का रूपमा विकास गर्ने सरकारको महत्वाकांक्षी घोषणा छ।

### कृषि पुनःसंरचनामा जोड

सरकारले कृषि क्षेत्रलाई ग्रामीण समृद्धि, खाद्य सुरक्षा, रोजगारी सिर्जना र आयात प्रतिस्थापनको आधारका रूपमा अघि बढाउने नीति लिएको छ। कृषि उत्पादन, प्रशोधन, भण्डारण, वितरण र बजारलाई एकीकृत प्रणालीमा विकास गरिने उल्लेख गर्दै सरकारले 'व्यावसायिक कृषि मोडल' अघि बढाउने जनाएको छ।

सहकारी, उत्पादक कम्पनी, करार खेती र कृषि उद्यम समूहमार्फत किसानलाई बजार, बीमा, वित्त, प्रशोधन र मूल्य सुनिश्चिततासँग जोडिने योजना छ। उत्पादन क्लष्टर विकास गरी सिँचाइ, सडक, चिस्यान केन्द्र, भण्डारण, प्रयोगशाला र प्रशोधन उद्योगलाई एकीकृत प्याकेजका रूपमा विस्तार गर्ने घोषणा गरिएको छ।

सरकारले खाद्यान्न बालीमा न्यूनतम समर्थन मूल्य लागू गर्ने जनाएको छ भने उच्च मूल्यका बाली, पशुपालन, जडीबुटी र कृषि-वन प्रणालीलाई निर्यातमुखी बनाउने नीति लिएको छ।

### अधुरा आयोजना सम्पन्न गर्ने

सरकारले सीमित स्रोतलाई नयाँ आयोजना थप्नुभन्दा अधुरा र उच्च प्रतिफलयुक्त आयोजना सम्पन्न गर्न केन्द्रित गर्ने नीति लिएको छ। ऊर्जा क्षेत्रमा निर्माणाधीन उत्पादन, प्रसारण र वितरण आयोजनालाई तीव्रता दिइने तथा जलाशययुक्त आयोजना अघि बढाइने उल्लेख गरिएको छ। ऊर्जा खपत वृद्धि, क्षेत्रीय ऊर्जा व्यापार विस्तार र ऊर्जा आधारित उद्योग प्रवर्द्धनलाई प्राथमिकता दिइने भएको छ।

सिँचाइतर्फ तराई-मधेशमा भूमिगत जलस्रोतमा आधारित सिँचाइ विस्तार र पहाड-हिमालमा लिफ्ट सिँचाइ तथा परम्परागत प्रणाली पुनःस्थापनामा जोड दिइएको छ। पूर्वाधारतर्फ सरकारले काठमाडौं-तराई मधेश द्रुतमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग र उत्तर-दक्षिण करिडोरलाई प्राथमिकता दिने जनाएको छ।

औद्योगिक तथा निर्यात प्रवर्द्धनका लागि आर्थिक करिडोर, ड्राइपोर्ट, वेयरहाउस, कोल्ड चेन र बहुआयामिक लजिस्टिक पूर्वाधार विकास गरिने योजना छ। सरकारले सुरुङमार्ग, फ्लाइओभर, अन्डरपास र ओभरपास निर्माणमा निजी क्षेत्रसँग सहकार्य गर्ने जनाएको छ।

### शहरीकरण र पर्यटन आर्थिक वृद्धि

सरकारले शहरीकरणलाई सेवा प्रवाह, आर्थिक गतिविधि र जीवनस्तर सुधारसँग जोड्ने नीति लिएको छ।

काठमाडौं उपत्यकासहित प्रमुख शहरहरूमा मास ट्रान्जिट प्रणाली विकास गर्ने घोषणा गरिएको छ। फोहोरमैला व्यवस्थापन, ढल प्रशोधन र पुनःप्रयोग प्रणाली विकास गरी चक्रीय शहरी अर्थतन्त्र प्रवर्द्धन गरिने भएको छ।

मेलम्चीसहित राष्ट्रिय महत्वका खानेपानी आयोजनालाई सुदृढ गर्दै नियमित र सुरक्षित खानेपानी आपूर्ति सुनिश्चित गर्ने सरकारको योजना छ।

पर्यटन क्षेत्रमा लुम्बिनी-बौद्ध, जनकपुर-रामायण, हिमाली तथा प्रकृतिमा आधारित पर्यटन सर्किट विकास गर्ने घोषणा गरिएको छ। नयाँ ट्रेकिङ मार्ग, होमस्टे र सांस्कृतिक गन्तव्य विकासमार्फत स्थानीय अर्थतन्त्र चलायमान बनाइने उल्लेख गरिएको छ। नेपाल वायु सेवा निगमको पुनःसंरचना तथा विमानस्थलहरूको पूर्ण सञ्चालनमार्फत नेपाललाई सुरक्षित क्षेत्रीय पर्यटन हब बनाउने सरकारको लक्ष्य छ।

### शिक्षा र स्वास्थ्यमा पुनःसंरचना

सरकारले शिक्षा प्रणालीलाई श्रम बजारसँग जोड्ने तथा राजनीतिक हस्तक्षेपमुक्त बनाउने नीति लिएको छ। विद्यालय म्यापिङ, विद्यालय वर्गीकरण, शिक्षक दरबन्दी मिलान र साझा गुणस्तर मापदण्ड लागू गरिने घोषणा गरिएको छ। शिक्षक र प्रधानाध्यापकलाई कार्यसम्पादन र पेशागत विकाससँग जोडिने भएको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षालाई रोजगारी र उत्पादनशीलताको मुख्य आधारका रूपमा विकास गरिने सरकारको भनाइ छ। उच्च शिक्षालाई अनुसन्धान र नवप्रवर्तनसँग जोड्न 'राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन कोष' स्थापना गर्ने घोषणा गरिएको छ।

स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवाको न्यूनतम मापदण्ड लागू गरिने तथा स्थानीय तहसम्म अस्पताल र स्वास्थ्य सेवा पहुँच विस्तार गरिने भएको छ। सरकारले स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम पुनःसंरचना गर्ने जनाएको छ। मानसिक स्वास्थ्य, नसर्ने रोग नियन्त्रण, टेलिहेल्थ सेवा र जनस्वास्थ्य प्रणालीलाई प्राथमिकतामा राखिएको छ।

### सामाजिक सुरक्षा र समावेशीकरण

सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई लक्षित संरक्षण, आर्थिक क्षमता र सामाजिक गतिशीलतासँग जोडेर पुनःसंरचना गर्ने जनाएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलतासँग जोड्ने तथा 'कमाउँदै सिक्दै' अवधारणामा आधारित अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा ल्याई श्रमिकलाई सामाजिक बीमा र श्रम संरक्षणको दायरामा समेट्ने नीति लिइएको छ। सरकारले दलित, सीमान्तीकृत समुदाय र पिछडिएका क्षेत्रलाई सार्वजनिक सेवामा समान पहुँच दिने प्रतिबद्धता जनाएको छ।

भूमिहीन र सुकुम्बासीको पहिचान, सुरक्षित आवास, जग्गा स्वामित्व र उत्पादनमुखी जीविकोपार्जनका आधार निर्माण गरिने घोषणा गरिएको छ। कर्णाली, मधेश र सुदूरपश्चिमलाई केवल राहतमा निर्भर क्षेत्रका रूपमा नभई राष्ट्रिय सम्भावना, कृषि, पर्यटन, जलस्रोत र मानव पूँजी विकासका रणनीतिक केन्द्रका रूपमा विकास गर्ने सरकारको योजना छ।

### आर्थिक कूटनीति र डायस्पोरा साझेदारी

सरकारले परराष्ट्र नीतिलाई आर्थिक रूपान्तरणसँग जोड्ने नीति अघि सारेको छ।

ऊर्जा व्यापार, वैदेशिक लगानी, प्रविधि हस्तान्तरण, पर्यटन, डिजिटल सेवा र निर्यात विस्तारलाई कूटनीतिक प्राथमिकतामा राखिएको छ।

विदेशमा रहेका नेपाली समुदायको पूँजी, ज्ञान, सीप र सञ्जाललाई राष्ट्रिय विकासमा परिचालन गर्न 'डायस्पोरा साझेदारी' सुदृढ गरिने भएको छ। गैरआवासीय नेपालीको लगानी र वित्तीय सहभागिताका लागि कानुनी तथा संस्थागत सुधार गरिने सरकारको घोषणा छ।

■■■

## विरोध...

प्रतिनिधिसभामा नीति तथा कार्यक्रम प्रस्तुत भएपछि विपक्षी दलहरूले प्रधानमन्त्री स्वयं उपस्थित हुनुपर्ने माग गर्दै बैठक अवरुद्ध गर्ने प्रयास गरेका थिए। प्रमुख विपक्षी दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राप्रपाका सांसदहरूले प्रधानमन्त्री संसद्मा नआउनु संसदीय परम्पराको उल्लंघन भएको आरोप लगाएका थिए।

तर, सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनमा प्रक्रिया अघि बढाइएपछि विपक्षी दलहरू एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाका सांसदहरू बैठकबाट बाहिरिएका थिए। कांग्रेसका सांसदहरूले भने बैठकमा उभिएर विरोध जनाएका थिए।

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले प्रधानमन्त्रीको अनुपस्थितिलाई संसदीय अभ्यासमाथिको गम्भीर प्रहार भन्दै कडा आपत्ति जनाए।

उनले संसद्को रोष्ट्रमबाटै भने, 'जापान, बेलायत, अष्ट्रेलिया र भारतका नजिरहरू हेर्नुहोस्। यी प्रत्येक देशमा नीति तथा कार्यक्रमको आधारस्तम्भ प्रधानमन्त्रीको भएको हुनाले त्यसमा उसको सहभागिता हुनैपर्छ र उसैले जवाफ दिनैपर्छ भन्ने मान्यता छ।'

केसीले थप चुनौती दिँदै भने, '२०१७ सालको १८ महिनाको र २०४७ सालपछिको कुनै पनि संसद्मा नीति तथा कार्यक्रममाथिको जवाफमा प्रधानमन्त्री अनुपस्थित भएको देखाउनुस्।' उनका अनुसार प्रधानमन्त्री शाहको अनुपस्थितिले संसदीय मर्यादा र परम्परा दुवै कमजोर बनाएको छ।

नेकपा एमालेका सांसद गुरूप्रसाद बरालले प्रधानमन्त्री शाहले संसदप्रति अवमूल्यन गरेको भन्दै कडा आपत्ति जनाए। उनले भने, 'प्रधानमन्त्रीजीले जसरी आफ्नै सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ नदिई भागे, यो शुभ संकेत होइन, हामी यस्तो कार्यको भर्त्सना गर्छौं।' अर्को विपक्षी दल नेपाली कम्युनिस्ट पार्टीका सांसद तथा पूर्वअर्थमन्त्री वर्षमान पुनले यसपटक संसदीय अभ्यासकै कमजोर उदाहरण बालेन सरकारले प्रस्तुत गरेको भन्दै आलोचना गरे।

'पछिल्लो २० वर्षमा कम्तीमा पाँच दिनसम्म नीति तथा कार्यक्रममाथि छलफल हुने गरेको थियो। यसपटक एकै दिनमा छलफल सकिनु संसदीय अभ्यासकै कमजोर उदाहरण हो,' उनले भने। उनले थपे, 'यस्तो छोटो छलफलले सांसदका सुझावहरू समेट्ने अवसर नै दिएको छैन।'

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले पनि प्रधानमन्त्रीको अनुपस्थितिलाई कडा शब्दमा आलोचना गरे। उनले भने, 'आफ्नो बिहेमा अरुलाई बेहुला पठाएर हुँदैन। नीति तथा कार्यक्रम उहाँ (प्रधानमन्त्री)को भएकाले उहाँले नै उत्तर दिनुपर्ने हुन्छ।' साम्पाङका अनुसार नीति तथा कार्यक्रम प्रधानमन्त्रीको राजनीतिक दृष्टिकोण, प्राथमिकता र सरकारको दिशानिर्देश हुने दस्तावेज भएकाले त्यसमा प्रधानमन्त्रीको प्रत्यक्ष सहभागिता अनिवार्य हुन्छ।

विपक्षी सांसदहरूले प्रधानमन्त्री अनुपस्थित रहेर नीति तथा कार्यक्रम पारित हुनु संसदीय अभ्यासको विपरीत भएको बताएका छन्। उनीहरूले यसलाई संसद्को अवमूल्यन भएको अर्थमा बुझेका छन्।

बुधबार प्रतिनिधिसभा बैठकमा जवाफका लागि विपक्षी दलहरूले प्रधानमन्त्री बालेनको अनिवार्यता खोजेका थिए। प्रतिनिधिसभा बैठक तीनपटकसम्म अवरोध गरेका थिए, जसकारण बैठक सभामुख डीपी अर्यालले स्थगित गरेका थिए। तर, बिहीबार भने उनीहरूले नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिने बेला मात्रै बैठक अवरोध गरेका थिए। यद्यपि, सभामुख अर्यालले विपक्षीहरूको मागलाई बेवास्ता गर्दै नीति तथा कार्यक्रम पारित गर्ने प्रक्रिया अघि बढाएका थिए। अन्ततः सभामुख डीपी अर्यालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्ताव गर्दा बहुमतले पारित भएको थियो।

पारित कार्यक्रमका आधारमा सरकारले वार्षिक बजेट बनाउनेछ। नीति तथा कार्यक्रममाथि विपक्षी दलका सांसदहरूले ३५ वटा संशोधन प्रस्ताव राखेका थिए। ती सबै संशोधनकर्तालाई फिर्ता लिन सभामुखले समय दिएका थिए। प्रस्ताव फिर्ता नलिएपछि निर्णयार्थ प्रस्तुत गर्दा ती प्रस्ताव बहुमतले अस्वीकृत भएका थिए।

जवाफ दिने क्रममा अर्थमन्त्री स्वर्णिम वाग्लेले नीति तथा कार्यक्रम सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक सुधार र सामाजिक न्याय केन्द्रित रहेको दाबी गरेका थिए।

'मुलुकबाट भ्रष्टाचारको समूल अन्त्य र सुशासन कायम गर्नुपर्ने मागसहित जनताले अत्यन्त विश्वास र भरोसाका साथ सरकारलाई जनादेश दिएका छन्। त्यही अपेक्षालाई पूरा गर्ने दृढ सङ्कल्पका साथ हामी अघि बढिरहेका छौँ,' वाग्लेको जवाफ थियो। उनले निर्वाचनमा सहभागी सबै राजनीतिक दलले नागरिकसँग गरेका घोषणापत्र, प्रतिबद्धता र एजेन्डालाई सरकारले पहिलो पटक साझा राष्ट्रिय प्रतिबद्धताका रूपमा ग्रहण गरेको भन्दै इतिहासमै नयाँ अभ्यास गरिएको बताएका थिए।

■■■

## सरकारका...

आर्थिक संकट गहिरिँदै गएको अवस्थामा नयाँ सरकारबाट उद्योगीले आशा गर्नुपर्ने वातावरण बनाउनुपर्नेमा उल्टै व्यवसायीलाई हतोत्साही पार्न खोजेको महासंघको आरोप छ। 'विगत करिब चार वर्षदेखि शिथिल बन्दै गईरहेको अर्थतन्त्र हाले बनेको करिब दुई तिहाईको सरकारले लिने नीति र व्यवसायीमैत्री व्यवहारपछि गतिशिल बन्ने अपेक्षा निजी क्षेत्रले गरेको छ। तर, यस्ता गतिविधिले लगानी अभिवृद्धि हुने, लगानीकर्ता सुरक्षित महसुस गर्ने विषयबाट विमुख हुन नपरोस् भन्ने चाहना सहित महासंघ व्यवसायिक आत्मविश्वास बढाउने वातावरण निर्माण गर्न सरकारसँग अपिल गर्दछ,' महासंघको विज्ञप्तिमा भनिएको छ।

पाण्डे पक्राउको चारवटा प्रमुख बैंकिङ छाता संगठनले पनि विरोध जनाएको छ। नेपाल बैंकर्स संघ (एनबीए), डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल (डिब्यान), नेपाल वित्तीय संस्था संघ र नेपाल लघुवित्त बैंकर्स संघले सोमबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै पाण्डेको पक्राउले समग्र बैंकिङ क्षेत्र र यसको स्थायित्वमा गम्भीर असर पर्ने चेतावनी दिएका छन्।

बैंकिङ संगठनहरूले जारी गरेको विज्ञप्तिमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (बाफिया), २०७३ को दफा ५७ लाई उद्धृत गर्दै भनिएको छ, 'बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा असुली नभएको अवस्थामा असुलीका लागि विशेष अधिकार दिइएको छ। यो बैंकको प्राथमिक प्रक्रिया र प्रमुख कार्यकारी अधिकृतको मूल दायित्व भित्र पर्दछ।' कर्जा असुली जस्तो बैंकको नियमित व्यावसायिक कार्यलाई लिएर बैंकको उच्च पदस्थ अधिकारीलाई पक्राउ गर्दा बैंकको साख र जनविश्वासमा गिरावट आउने चिन्ता ती संगठनहरूले व्यक्त गरेका छन्। बैंकिङ संगठनले 'सुन अनि थुन' को कानुनी सिद्धान्तको आधारमा पाण्डेलाई थुनाबाहिरै राखेर अनुसन्धान अघि बढाउन माग गरेका छन्।

■■■

## म्यानपावरलाई...

गत वैशाख २ गतेदेखि युवा, श्रम तथा रोजगार मन्त्रालय (तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय)ले सञ्चालनमा ल्याएको सहायता कक्षले रोजगारीमा जाने श्रमिकको विभिन्न विवरणहरू संकलन गरिरहेको छ। विशेषगरी श्रमिकले इजाजतप्राप्त संस्थालाई बुझाएको लागतको विवरण तथा श्रमिकहरू आधारभूत विषयमा कत्तिको जानकार छन् भनेर अध्ययन गर्न उक्त कक्ष स्थापना गरिएको मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका अनुसार हाल उक्त कक्षमा तीन सिफ्टमा काम भइरहेको छ। श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको सहकार्यमा कक्ष सञ्चालन गरिएको हो। उक्त कक्षले रोजगारीमा जानेहरूका साथै फर्किनेलाई समेत सहजीकरण गर्दै आएको छ। विदेशमा अप्ठ्यारो परेमा सहयोग लिनका लागि दूतावासका कर्मचारीको नाम, नम्बर र ठेगानासमेत दिइँदै आएको छ।

श्रमिकहरूले रोजगारीमा जाँदा बुझाएको लागत र प्राप्त रसिदको विश्लेषण गर्न, प्रविधिमा श्रमिकको पहुँच विस्तार गर्न तथा म्यानपावर कम्पनी र एजेण्टको व्यवहार तथा ठगीको सम्भाव्यता पहिचान गर्न सहायता कक्षले बुझाउने प्रतिवेदनले सहयोग गर्ने मन्त्रालयको भनाइ छ।

■■■

## उजुरी गन...

'लागतको विषयमा सबै जनाले फ्रि-भिसामा गएको भन्नुभएको छ। अहिलेसम्म चार-पाँच जनालेमात्र तिरेको भन्नुभएको छ। एक जनाले युरोप जान म्यानपावरलाई छ लाख रूपैयाँ तिरेको भन्नुभएको थियो,' उनले भने, 'एउटा उजुरी लेख्नुस्, हामी म्यानपावरमा गएर रकम फिर्ता गर्न लगाउँछौं भन्दा मान्नुभएन। उजुरी गर्दा मलाई अप्ठ्यारो पर्छ, काम पाउँदिन होला, बालबच्चाको बिजोग हुन्छ भन्नुहुन्छ।'

सहायता कक्षमा हाल १७ वटा प्रश्न सोधिन्छ। जसमा जाने व्यक्तिको सामान्य विवरणदेखि म्यानपावरलाई तिरेको रकम, कोमार्फत जान लागेको, सामाजिक सुरक्षा कोषको जानकारी भए/नभएको, समस्या परे कहाँ सम्पर्क गर्नेलगायतका प्रश्नहरू छन्। प्रश्नहरू लामो भएकाले कतिपय श्रमिक रिसाउने गरेको सहायता कक्षका अधिकृत बस्नेतको भनाइ छ। त्यहाँ प्रश्नको जवाफ दिन भन्दा पनि अन्य साधारण विषयहरू सोध्ने श्रमिक बढी आउने गरेको उनले बताए। '१७ वटा प्रश्न धेरै पनि भयो। कतिपय रिसाउनुहुन्छ। यसलाई परिमार्जन गर्ने तयारी हुँदै छ,' उनले भने।

सहायता कक्ष सबै श्रमिकसँग अनिवार्य जोडिने स्थानमा नभएकाले पनि सबै श्रमिकसँग कुराकानी गर्न समस्या भएको अधिकृत बस्नेतले बताए। विभाग र मन्त्रालयले यसमा सहजीकरण गर्नुपर्ने उनको भनाइ छ।

■■■

### सच्चाइएको

यस प्रभाव दैनिकको मिति २०८३।०१।२३ गतेको समिक फार्मेसी प्रा.लिको विशेष खारेजीको सूचनामा एक दिने हुनु पर्नेमा अन्यथा हुन गएकोमा सच्चाइएको जानकारी गराईन्छ।


**कुवेतमा रोजगार**

कम्पनी : **FMSC GENERAL TRADING & CONTRACTING CO.**

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342175 | चलानी नं. ६०२५५४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Service Crew /Restaurant Worker | 12 | 0 | 120 | ५९,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, Roshan Raj Mishra, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80



**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकानशित मिति: २०८३।०२।०१

**पि. सि. एस. भेन्चर प्रा. लि.** को मिति २०८३।१।२० गते सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन ,कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी नोभा भेन्चर प्रा. लि. (प्रा. लिं. ३०३७७७) कायम गर्ने गरी मिति २०८३।१।२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०४।०७ मा दर्ता भएको प्रा. लि नं. २६५१५१ को क्रस बोर्डर कन्सल्टेन्टस् प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१।०६।२७ मा दर्ता भएको प्रा. लि. नं. १२७४०१ को मेडिल्याण्ड इन्टरनेशनल प्रा.लि नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७७/११/२० गते **मिठो प्रोडक्सन्स** (प्रा.लि.) को नामबाट दर्ता भएको प्रा.लि.नं. २५७९९५ कम्पनीको मिति २०८३/०१/३१ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११६३७२३



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०१ गते**

यस कम्पनीको मिति २०८३/०१/१० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फोर्जिङ् द फ्युचर एकेडेमी प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बिकटेश्वर ईङ्लिश सेकेण्डरी स्कूल काभ्रेपलाञ्चोक प्रा.लि. (प्रा.लि.नं. २८५९५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७३/०५/२९ गते **एन.एम.ल्यापटप सोलुसन प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. १५५७७९ कम्पनीको मिति २०८३/०१/३१ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११६३७२३



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८३/०२/०१**

**नेपाल एभरेष्ट वेस क्याम्प ट्रेकिङ्ग कम्पनी प्रा. लि.** को मिति २०८३/०१/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल एभरेष्ट वेस क्याम्प प्रा. लि. (दर्ता नं. १९९६२४)** कायम गर्ने गरी मिति २०८३/०१/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मिति २०७६/०२/२७ मा दर्ता भएको प्रा.लि.नं. २१६९६२ को **बाग्लुङ गल्कोट गेष्ट हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०१ गते**

यस कम्पनीको मिति २०८३/०१/१६ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साख्वा लिकर्स प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जगत ज्ञानी प्रा.लि. (प्रा.लि.नं.२४९९९७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७५/१२/२६ गते **कल फर वासिङ्ग प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. २१२७५० कम्पनीको मिति २०८३/०१/३१ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५११६३७२३



**हिमालय पावर ट्रेड एण्ड एक्सचेन्ज कम्पनी लिमिटेड**
**काठमाण्डौ म.न.पा.४ काठमाडौं**

**बार्षिक साधारण सभामा सम्बन्धि सूचना**

यस कम्पनीको मिति २०८३/०१/३१ गते बसेको सञ्चालक समितको बैठकको निर्णय बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न बिषयमा छलफल तथा निर्णय गर्न निम्न स्थान, समय र मितिमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ बमोजिम सम्पूर्ण शेयरधनि महानुभाबहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति,समय र स्थान**

**मिति**: २०८३/०२/२१, **समय**: बिहान ११ वजे, **स्थान**: कम्पनीको रजिष्टर्ड कार्यालय, चण्डोल

**छलफलका प्रस्तावहरू:**

१. सभाका अध्यक्षज्यूबाट प्रस्तुत यस कम्पनीको आ.व. २०८०/२०८१ र आ.व. २०८१/२०८२ आषाढ मसान्तसम्मको प्रगति प्रतिबेदन सम्बन्धमा।
२. आ.व. २०८०/२०८१ को लेखा परिक्षणको प्रतिबेदन सम्बन्धमा।
३. आ.व. २०८१/२०८२ को लेखा परिक्षणको प्रतिबेदन सम्बन्धमा।
४. आगामी आ.व. २०८२/२०८३ को लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
५. विविध।

**संचालक समितिको आज्ञाले,**
**प्रबन्ध निर्देशक**
**मनोज पौडेल**

# हिन्दूकुश हिमालय क्षेत्रमा जलवायुजन्य विपद् बढ्दै

■ भीष्मराज ओझा

**काठमाडौं–** जलवायु परिवर्तनका कारण हिन्दूकुश हिमालय क्षेत्रमा जलवायुजन्य विपद्का घट्ना बढ्दै गएका छन् । पछिल्लो तथ्यांकअनुसार यस क्षेत्रमा गत वर्षमामात्रै १० ठूला विपद्का घट्ना भएका छन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का अनुसार हिन्दूकुश क्षेत्रका आठ देशमध्ये भारत, नेपाल, बंगलादेश र भुटानले सन् २०२५ मा १० भन्दा बढी ठूला विपद्का घटना सामना गरेका थिए । यसले उक्त क्षेत्रको विपद्सम्बन्धी जोखिमप्रतिको बढ्दो संवेदनशीलतालाई उजागर गरेको छ ।

तथ्यांकले म्यानमार, पाकिस्तान र चीनमा पनि सन् २०२५ मा मनसुनजन्य बाढीको शृंखला देखिएको छ । जसले पूर्वाधार र जीविकोपार्जनमा व्यापक क्षति पुऱ्याएको उल्लेख गरेको छ । त्यस्तै, सन् २०२५ मा विश्वव्यापीरूपमा भएका विपद्मध्ये ठूलो हिस्सा एसियामा परेको थियो । यसको प्रभाव दक्षिण तथा पूर्वी एसियाका भाग समेटिएका हिन्दूकुश क्षेत्रमा पनि देखिएको छ ।

उक्त तथ्यांकअनुसारले यस क्षेत्रका देशले सन् २०२४ मा मात्र यस्ता घटनाबाट छ अर्ब अमेरिकी डलरभन्दा बढी आर्थिक क्षति व्यहोरेका थिए । जसमा अधिकांश क्षति बाढी, पहिरो र आँधीजस्ता पानीजन्य विपद्सँग सम्बन्धित छन् । यो अवस्था सन् २०२५ मा पनि जारी रह्यो । तीव्र मनसुनी वर्षाले बंगलादेश, भारत, नेपाल, पाकिस्तानलगायत हिन्दूकुश क्षेत्रका विभिन्न देशमा पटक-पटक बाढी र पहिरो निम्त्यायो । हिमताल विष्फोटजन्य बाढीजस्ता अन्य विपद्का घटना पनि केही स्थानमा रिपोर्ट गरिएका थिए । यस वर्षभरि क्षेत्रभर करिब १२ लाख नागरिक विस्थापित भए वा प्रत्यक्षरूपमा विपद्बाट प्रभावित भएको तथ्यांकमा उल्लेख छ ।



## गत वर्ष विपद्बाट १६९ अर्ब अमेरिकी डलर क्षति

विश्वव्यापीरूपमा सन् २०२५ मा विपद्सम्बन्धी आर्थिक क्षति १६९ अर्ब अमेरिकी डलरभन्दा बढी भएको अनुमान गरिएको थियो । यसको तुलनामा हिन्दूकुश हिमालय क्षेत्रमा अभिलेखित क्षतिले जटिल भू-भौगोलिक संरचना र उच्च जोखिमयुक्त अवस्थाले चरम मौसमीय घटनालाई कसरी असमानरूपमा गम्भीर प्रभावमा परिणत गर्छ भन्ने देखाएको छ ।

अनुसन्धानकर्ताले हिमालय क्षेत्रमा विपद्को बढ्दो प्रभावलाई बहुविपद् घटनाको बढ्दो प्रवृत्तिसँग जोडेका छन् । बहुविपद् भन्नाले बाढी, पहिरो वा खडेरीजस्ता एकभन्दा बढी प्रकारका विपद् एउटै समयमा हुने वा एउटा विपद्ले अर्को विपद् निम्त्याउने अवस्थालाई जनाउँछ ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले हालका वर्षले पर्वतीय क्षेत्रमा बाढी, पहिरो तथा अन्य विपद् बढ्दो रूपमा देखिएको बताए । उनले भने, 'यसले घर, पूर्वाधार र अत्यावश्यक सेवामा हुने क्षतिलाई अझ बढाइरहेको छ ।' यस क्षेत्रका विगतका उदाहरणमा सन् २०१३ मा उत्तराखण्डको केदारनाथ बाढी, भारतको सिक्किममा सन् २०२३ मा भएको दक्षिण ल्होनाक हिमताल विष्फोटजन्य बाढी, तथा नेपालमा सन् २०२१ मा आएको मेलम्ची बाढी समावेश छन् ।

सन् १९७५ देखि २०२४ सम्मको दीर्घकालीन तथ्यांकले भने सन् २०१३ पछि हिन्दूकुश हिमालय क्षेत्रमा विपद्का कारण हुने मृत्युदर र प्रभावित नागरिकको संख्यामा कमी आएको देखाएको छ । विश्लेषकहरूले पूर्वतयारी र प्रारम्भिक चेतावनी प्रणालीमा सुधार यसको कारण हुनसक्ने उल्लेख गरेका छन् ।

जलविज्ञ मनिष श्रेष्ठले विपद्का घट्ना बढ्नु चिन्ताजनक भए पनि सन् २०१३ पछिको प्रवृत्तिले यस क्षेत्रमा विपद्बाट बर्सेनि कम नागरिक प्रभावित भइरहेको संकेत गरेको उल्लेख गरे । 'यसले हिन्दूकुश क्षेत्रका केही भागमा राम्रो जलवायु सेवा र पूर्वतयारीलाई प्रतिविम्बित गर्न सक्छ,' उनले भने, 'जोखिम निरन्तर बढिरहेकाले पूर्वतयारी र योजनामा निरन्तर लगानी आवश्यक छ ।'

नेपालको पूर्वी क्षेत्रमा सन् २०२४ मा खाँदो नदी किनारमा रहेको बाढी प्रारम्भिक चेतावनी प्रणालीबाट जारी गरिएको सूचनाले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने करिब ६० हजार नागरिकलाई सचेत गराउन र सुरक्षित स्थानमा सार्न सहयोग गरेको थियो ।

इसिमोडका जलविभाग प्रमुख नीरा श्रेष्ठ प्रधानले आफूहरूले बाढी प्रारम्भिक चेतावनी प्रणालीबारे समुदायको अपनत्व र सहभागिताका लागि निरन्तर पैरवी गर्दै आएको बताइन् । 'यी प्रणाली कमलागतका छन्, लगभग वास्तविक समयमा सूचना प्रदान गर्छन् र तिनको सञ्चालन तथा मर्मतका लागि सीमित बजेटमात्र आवश्यक पर्छ,' उनले भनिन्, 'अझ महत्त्वपूर्ण कुरा, यस्ता प्रणालीहरूले पटक-पटक प्रमाणित गरेका छन् कि स्थानीय नेतृत्वमा गरिने अनुकूलनका लागि स्थानीय आवश्यकता र सन्दर्भअनुसारका समाधान आवश्यक हुन्छन् ।'

विशेषज्ञले जलवायु परिवर्तनले मौसमीय ढाँचामा परिवर्तन ल्याउँदै चरम घटनाको आवृत्ति र तीव्रता बढाइरहेकाले आगामी वर्षमा बहुविपद् जोखिम अझ बढ्ने सम्भावना रहेको चेतावनीसमेत दिएका छन् । हिन्दूकुश हिमालय क्षेत्र एसियाभर तीन हजार ५०० किलोमिटर क्षेत्रमा फैलिएको छ । यसमा अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तान गरी आठ देश समेटिन्छन् । उच्च हिमाली पर्वतशृंखला, मध्यपहाडी क्षेत्र तथा तराई-मैदान समावेश भएको यो क्षेत्र करिब दुई अर्ब नागरिकको खाद्य, पानी र ऊर्जा सुरक्षाका लागि अत्यन्त महत्त्वपूर्ण छ । यो क्षेत्र असंख्य दुर्लभ तथा अपरिवर्तनीय जीवजन्तु र वनस्पतिको बासस्थान पनि हो । यो क्षेत्र जलवायु परिवर्तन, प्रदूषण तथा जैविक विविधताको क्षतिले अत्यधिक जोखिममा छ । रासस

# चीन सरकारको सहयोगमा रसुवामा आवासीय विद्यालय निर्माण

**रसुवा (प्रस)–** मित्रराष्ट्र चीन सरकारको सहयोगमा रसुवाको कालिकास्थान-५ स्थित जिबजिबेमा नीलकण्ठ नमूना आवासीय माध्यमिक विद्यालय भवन निर्माणको काम ६५ प्रतिशत पूरा भएको छ ।

चिनियाँ प्राविधिक तथा कामकादारको प्रत्यक्ष संलग्नतामा तीव्र गतिमा निर्माण भइरहेको सुविधासम्पन्न एवं भूकम्प प्रतिरोधी सो भवनको शिलान्यास २०८१ साल कात्तिकमा भएको थियो । विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद देवकोटाका अनुसार भवन निर्माणका लागि केही सामग्री चीनतर्फबाट झिकाइएको र गिटी-बालुवालगायतका सामग्री स्थानीय खोलानदीबाट ल्याएको, भवन निर्माण प्रक्रियामा केही स्थानीयबाहेक चिनियाँपक्ष नै खटेको, अहिले पिलार तथा ढलानको काम सम्पन भएको तथा प्लास्टरलगायतका काम भइरहेको र आगामी कात्तिक महिनभित्र भवन हस्तान्तरण गर्ने तयारीसहित निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेको छ ।

नवनिर्मित विद्यालय भवनमा सानाठूला गरी ६० वटा कक्षा कोठा रहेको र घरबाट हिँडेर विद्यालय आउन नभ्याउने विद्यार्थीलाई लक्षित गरी करिब १५० क्षमताको आवासीय भवन निर्माण भइरहेको प्रधानाध्यापक देवकोटाले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समिति कार्यवाहक अध्यक्ष लोकनाथ पौडेलले २०७२ सालको गोर्खा भूकम्पका कारण सो विद्यालयमा क्षति पुगेपछि अस्थायी प्रकृतिको भवनमा पठनपाठन हुँदै आएको र विशेषगरी चिसोको समयमा विद्यार्थी बिरामी हुनेगरेको अवस्थामा नवनिर्मित सुविधासम्पन्न सो भवनबाट स्थानीय विद्यार्थीले अपेक्षा गरेभन्दा बढी राहत पाउने भएसँगै आमअभिभावकमा खुसी छाएको स्पष्ट गरे ।

वि.सं. २०२१ मा स्वर्गीय चुडामणि पौडेल, गोविन्दप्रसाद देवकोटा, डिल्लीराज देवकोटा र देविदत्त पौडेल तथा शिवप्रसाद देवकोटा, झग्रेन्द्रप्रसाद देवकोटासमेतका बुद्धिजीवीको सक्रियतामा स्थापना भएको सो विद्यालय २०३५ सालमा निम्न माध्यमिक र २०५८ सालमा माध्यमिक तहमा स्तरोन्नति भएको ज्येष्ठ नागरिक रुद्रनारायण देवकोटाले जानकारी दिए । हाल सो विद्यालयमा ३५० विद्यार्थी अध्ययनरत छन् ।

# त्रिविको निमित्त उपकुलपतिमा प्राडा बज्राचार्य



**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपतिको जिम्मेवारी इन्जिनियरिङ अध्ययन संस्थानका डीन प्राडा सुशीलबहादुर बज्राचार्यलाई दिइएको छ । प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले बिहीबार गरेको निर्णयानुसार त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति पदमा दैनिक कार्य सञ्चालन गर्न इन्जिनियरिङ अध्ययन संस्थानको डीनकोसमेत कार्य गर्नेगरी उनलाई निमित्त उपकुलपतिको जिम्मेवारी तोकिएको हो ।

जिम्मेवारी प्राप्त गरेसँगै बज्राचार्यले कीर्तिपुरस्थित उपकुलपतिको कार्यालयमा पदवहाली गरेको त्रिविले जनाएको छ । सार्वजनिक निकायका पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष अध्यादेश जारी हुने अघिल्लो दिन विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्यालले राजीनामा दिएका थिए । सरकारले त्रिविसहित विभिन्न विश्वविद्यालयहरूका उपकुलपति खुला प्रतिस्पर्धाबाट नियुक्त गर्ने तयारी गरेको छ । यसका लागि शिक्षा तथा खेलकुद मन्त्रालय (तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) ले आवेदन आह्वान गरिसकेको छ ।

# तिजी पर्वले लोमान्थाङमा बढ्यो पर्यटक चहलपहल

**मुस्ताङ–** उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङका होटलहरू विदेशी पर्यटकले भरिभराउ भएका छन् । बुधबारदेखि सुरु भएको ऐतिहासिक तथा धार्मिक पर्व तिजी अवलोकनका लागि आएका विदेशी पर्यटकहरूको उपस्थितिले लोमान्थाङ बजारका झण्डै तीन दर्जनभन्दा बढी होटलहरू पर्यटकले भरिभराउ भएका हुन् ।

तिजी अवलोकन गर्न बुधबार ३०७ जना विदेशी पर्यटक भित्रिएका अन्नपूर्ण लोमान्थाङस्थित संरक्षण आयोजना (एक्याप)ले जनाएको छ । तिब्बती संस्कृति झल्किने करिब ६०० वर्ष पुरानो तिजी ३५० जना विदेशी पर्यटकले अभिरुचिपूर्वक अवलोकन गरेका एक्याप प्रमुख उमेश पौडेलले जानकारी दिए ।

यो पर्वका अवसरमा सुख शान्तिको कामना गर्दै बुधबारदेखि बौद्ध भिक्षुहरूले पाठपूजा गरिरहेका छन् । साथै, स्थानीयले नृत्य पनि प्रस्तुत गर्ने परम्परा छ । तिजीमा स्वदेशी पर्यटक पनि उल्लेख्य रूपमा आउने गरेका छन् । *रासस*


## युएइमा रोजगार — कम्पनी : DAWOOD & SHAHBAZ TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342037 | चलानी नं. ६०२५५३८८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1. | Asst. Steel Fixer | 1 | 0 | 1500 | ६२,५१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | 1500 | ६२,५१३ | | | | | | | |
| 3. | Construction Labouers | 1 | 0 | 1000 | ४१,६७६ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | 1500 | ६२,५१३ | | | | | | | |
| 5. | Tile Setter | 1 | 0 | 1500 | ६२,५१३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८



## साउदीमा रोजगार — कम्पनी : ROAD PAINT INDUSTRIES

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342040 | चलानी नं. ६०२५५४१५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ४०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADAH INTERNATIONAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342042 | चलानी नं. ६०२५५४१६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Car Driver | 1 | 0 | 1500 | ६१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaner | 5 | 0 | 1200 | ४८,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com
श्रम ईजाजत नं. ५१०/०६१/०६२



## मलेसियामा रोजगार — कम्पनी : M & R MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342203 | चलानी नं. ६०२५५४२१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Operator Machine | 47 | 0 | 1700 | ६६,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PNE ELECTRIC SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342204 | चलानी नं. ६०२५५४२०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Operator Machine | 20 | 32 | 1700 | ६६,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511, Shiva Kumar Ghale 9818534770
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No- 1168/073/074



## युएइमा रोजगार — कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342044 | चलानी नं. ६०२५५३७९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaners Male | 22 | 0 | 1000 | ४१,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter (Male) | 22 | 0 | 1200 | ५०,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ ८ गते (शुक्रबार) (22nd May 2026) मा हुनेछ ।

कम्पनी : FURSAN SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 335745 | चलानी नं. ६०२४९७६४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1. | Female Security Guards-PSBD | 0 | 7 | 2000 | ८३,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Security Guard-PSBD | 91 | 0 | 2000 | ८३,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ ९ र ११ गते (शनिबार र सोमबार) (23/25 May 2026) मा हुनेछ ।
Start Smart Multiple & Technical Training Center Itahari 06 Sunsari मा मिति: २०८३ जेठ १० गते (आइतबार) (24 May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

I.M.G. Nepal Pvt.Ltd.
Govt.lic.no. 1777/082/083
Lalitpur Metropolitian City-13, Ekantakuna, Lalitpur, Tel : 015415570, For Head Office : Narayan Babu Karki 9715350011, 9860929700, For Itahari : 9704516922 9804372357 (Chandi Niraula,Nagendra Shrestha), E-mail : imgnepal2@gmail.com



## कुवेतमा रोजगार — कम्पनी : SWEETY NATIONAL GENERAL CONTRACTING COMPANY FOR BUILDINGS

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 334593 | चलानी नं. ६०२४८२४८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Cleaners (Indoor) | 0 | 15 | 100 | ४९,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | OFFICE ASSISTANT | 0 | 2 | 150 | ७४,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## ओमनमा रोजगार — कम्पनी : AAISHA AL MAQBALI TRADING

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342140 | चलानी नं. ६०२५५४४६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | Cosmetics SalesLadies | 0 | 1 | 180 | ७१,७८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DREAMLAND MANAGEMENT PVT.LTD.
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



## कुवेतमा रोजगार — कम्पनी : EAST INTERNATIONAL RESTAURANT COMPANY/ FAISAL JASSIM AL-OMAR AND HIS PARTNER

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342055 | चलानी नं. ६०२५५४०४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1. | Barista | 10 | 0 | 125 | ६२,०४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Indoor | 5 | 0 | 85 | ४२,१८९ | | | | | | | |
| 3. | Commis III | 10 | 0 | 130 | ६४,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## बहराइन/युएइ/ओमनमा रोजगार — कम्पनी : NAIL D IT

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342060 | चलानी नं. ६०२५५४२३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | Beautician | 0 | 4 | 150 | ६०,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NEVA SALON

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342111 | चलानी नं. ६०२५५४४०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaners Female | 0 | 1 | 1500 | ६२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NABAN AL DHAHIRA MODERN TRADING EST

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342064 | चलानी नं. ६०२५५४२४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | General Beautician | 0 | 2 | 170 | ६७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AQIQ ALFAIHA TRADING

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342112 | चलानी नं. ६०२५५४४१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | General Beautician | 0 | 2 | 170 | ६७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JAWHARAT AL SHARQ AL BRONZIYA

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342113 | चलानी नं. ६०२५५४४२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | General Beautician | 0 | 1 | 150 | ५९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रधानमन्त्री संसदप्रति उत्तरदायी बन

सदनमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका प्रधानमन्त्री वालेन्द्र शाह जवाफ दिन भने पुगेनन् । बुधबार र बिहीबार प्रतिपक्षी दलले देशको प्रधानमन्त्रीबाट आफ्नो प्रश्नको उत्तर खोजे । तर दुई तिहाई निकट राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री शाहलाई सदनमा उपस्थित गराएनन् ।

शाहको साटोमा अर्थमन्त्री स्वर्णिम वाग्लेलाई जवाफ दिन लगाएर रास्वपाले झारा टार्ने काम गरे । प्रधानमन्त्रीले नभ्याएको अवस्थामा उनले तोकेको मन्त्रीले जवाफ दिन सक्ने प्रावधान रहे पनि प्रधानमन्त्री के मा व्यस्त छन् भन्ने विषय रास्वपाले उल्लेख गरेको छैन ।

नीति तथा कार्यक्रमकै समयमा प्रधानमन्त्री शाहले सदन बंक गरेका थिए । यसरी जननिर्वाचत संस्थालाई प्रधानमन्त्री शाहले अपमान गर्दै संसदीय व्यवस्थाप्रति वितृष्णा सिर्जना गर्ने काम अघि बढाएको देखिन्छ । यता सदनलाई नमान्ने, अर्कोतिर आफ्नो सचिवालयमार्फत व्यवसायीमाथि धरपकड शुरु गरेर सरकार तानाशाही शैलीमा अघि बढेको छ । एक प्रकारले भनौ अहिले देशको आर्थिक संकट गहिरिँदो छ । वैदेशिक रोजगारीमा पुगेकाहरूलाई इरान–इजरायल युद्धको असरले प्रभावित बनाएको छ । उनीहरू अहिले कामबाट निकालिएका छन् । यस्तो अवस्थामा लगानीको वातावरण बनाउनुपर्नेमा व्यवसायीमाथि धरपकड शुरु गरेको छ ।

मुल्य समायोजनमा सरकारले पटक्कै ध्यान दिएको छैन । विश्व बजारमा पेट्रोलियम पदार्थको मुल्य घट्दा यहाँ स्वचालित मुल्यअनुसार मुल्य घटेको छैन । यही मौका छोपी सार्वजनिक यातायातको भाडादर बढाएको सरकारले घटाउने सुरसार गरेको छैन । निर्माण सामग्रीको मुल्य आकासिँदा अहिले निर्माण क्षेत्र आन्दोलित छ । घरजग्गा कारोबार ठप्प छ । सहकारी क्षेत्रमा ऋण लिएकाहरूको नाम धमाधम सार्वजनिक गरी सरकारले ऋण लिनेलाई अपराधी करार गर्ने काम गरिरहेको छ ।

देश जर्जर अवस्थामा पुग्नै लाग्दा प्रधानमन्त्री शाहले केही गर्न सकेका छैनन् । यस्तो अवस्थामा संसदमार्फत भएपछि आश्वासन दिनुपर्ने हो । तर शाहले पुरानै दलका नेताको शैलीमा संसदलाई वेवास्ता गरेका छन् । कुनैबेला नेपाली कांग्रेसबाट प्रधानमन्त्री भएका शेरबहादुर देउवा कयौपटक संवैधानिक परिषद् नगएर राज्यको विभिन्न आयोगमा हुनुपर्ने नियुक्ती रोकेर राज्य सञ्चालनमै असर पुऱ्याउँथे । सदनमा जान अटेर गर्थे । एमाले अध्यक्ष बनेर पटकपटक प्रधानमन्त्री बनेका केपी शर्मा ओली सांसदहरूलाई गन्दैनथे । राज्य सञ्चालनमा अप्ठेरो भएको भन्दै पटकपटक संसद नै विघटनसमेत गरेका थिए ओलीले ।

ओली र देउवा अहिले जनताबाट लखेटिएका छन् । संसदप्रति अनुत्तरदायी बन्दाको परिणामा देउवा ओलीले भोगिरहेका छन् । वालेन्द्र शाह ओली देउवाकै पछिल्लो भेरियन्टजस्तै देखिन थालेको छ । जनताको आवाज बोल्ने थलो संसदप्रति उत्तरदायी नबने नयाँ प्रधानमन्त्रीको पनि ओली देउवाकै हालत हुन बेर लाग्दैन । त्यसैले बेलैमा सचेत बनौं ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# मजदुर आन्दोलनको विरासत र श्रमको मर्यादा



❑ मनोहर कार्की

“
नेपाली मजदुर तथा श्रमजीवी वर्गको हित प्रवर्द्धन, रोजगारीको सुरक्षा र हक अधिकारको संरक्षणका लागि लोकतान्त्रिक सरकारले प्राथमिक दायित्व महसुस गर्नुपर्ने हो तर व्यवहारमा त्यसको कुनै छनक पाइएको छैन । व्यवहारलाई ऊर्जाशील र नीतिगत कार्यक्रममा समेट्नुपऱ्यो । सामाजिक सुरक्षाका कार्यक्रम, रोजगारीको ग्यारेण्टीको कार्यक्रम, युवा स्वरोजगार तथा उद्यमशीलता कार्यक्रम, वैदेशिक रोजगारीमा गएका युवाको रगत र पसिनाको सुरक्षा र सम्मान तथा आकर्षक वेतन, समान काम समान ज्यालाको मापदण्डको ग्यारेण्टी, भनाइका आकर्षक पुलिन्दामात्र नबाँडेर कार्यान्वयन तहमा परिणाममुखी देखिनुपऱ्यो ।

विश्वका मजदुर तथा श्रमजीवी वर्गका जनताको अधिकार र हितको प्रवर्द्धनका लागि मे दिवसलाई लिइने र संस्मरण गर्ने गरिन्छ । अन्तर्राष्ट्रिय श्रमिक दिवस, मजदुर दिवस जे नाम दिए पनि यस दिवसको सान्दर्भिकता र उपादेयता तमाम श्रमजीवी वर्गको अधिकारका लागि तिनै मजदुर श्रमजीवीले वर्गीय हित र अधिकारको नैसर्गिक लडाइँको संस्मरण र भएका उपलब्धिको संस्थागत गर्ने दिनका रूपमा लिन सकिन्छ । मेसिन औजार, हलो, कुटो, कोदालो र आरनजस्ता कार्य गर्ने शिल्पीवर्गको पेसागत हित, अधिकारको प्रवर्द्धन र राज्यको नीतिगत हेराइ र सोचाइमा तमाम श्रमजीवी वर्गको उत्थानमा सहकार्य र सहअस्तित्वको वातावरण निर्माणमा सम्बद्ध पक्षको ध्यान पुग्नुपर्दछ भनी पैरवी, बहस सधैं भएका छन् । तर यस्ता वर्गको आर्थिक, सामाजिक, सांस्कृतिक पक्ष सधैं निरीह रहिरहनु विडम्बनापूर्ण नै छ ।

विकास र जनजीविकाका सवाल, श्रमजीवी तथा गरिखाने-हुँदा खाने वर्गका जनताका आशा भरोसालाई राज्य र सरोकारवालाले गम्भीरताका साथ नलिइनु खेदजनक छ । विशेषतः किसान तथा श्रमिकका कामको प्रत्याभूति, कार्यक्षेत्रमा सुरक्षा र स्थानीयस्तरमा रोजगारी र व्यावसायिक वातावरण निर्माणलाई प्राथमिकतामा राखेर अहिलेको सरकारले कार्य गर्ने र परिणाममुखी छनक दिने छ भन्ने अपेक्षासम्म गर्न सकिन्छ ।

स्थानीयस्तरमा रोजगारी तथा हाम्रा सीप, दक्षता र सामग्रीको प्रयोग गरी रैथाने व्यवसाय र उद्यमशीलतालाई अघि बढाउने नीति तथा कार्यक्रम आवश्यकता हो । कृषि, सामुदायिक वन, लघु व्यवसाय, ग्रामीण पर्यटन तथा पर्यापर्यटनलाई एकसाथ एकीकृत कार्यक्रममा लैजान सकिन्छ । सोच र नीति स्थानीयता र रैथाने सीप र उद्यमी लक्षित हुन सकेमा हजारौंको संख्यामा रोजगारीका लागि विदेश पलायनको चापलाई थेग्न सकिन्थ्यो कि ? हाम्रो योजना र नीति श्रमिकमैत्री र किसानमैत्री बनाउन सकिएमा संघीयता र स्थानीय सरकारले सार्थकता पाउने छ । हाम्रा उर्वरभूमि वञ्जर बन्ने अनि रोजगारीका लागि दिनहुँ सयौंका संख्यामा युवा विदेश जाने प्रवृत्तिको अन्त्यका लागि सरकार र सरोकारवालाको गम्भीर चासो पुग्नुपर्दछ । कृषि, उद्योग, पर्यटन र पर्यावरणीय स्वच्छ व्यावसायिक वातावरण बनाउने खालका ठोस, परिणाममुखी र रोजगारसँगै मुलुकको कूल ग्राहस्र्थ उत्पादनमा टेवा पुऱ्याउनेखालका विकास र निर्माणका कार्य जनअपेक्षा हो । यसको सम्बोधन हालको सरकारले कति गर्ला ? प्रतीक्षाको विषय नै छ ।

मजदुर आन्दोलन र नेपालको राजनीतिक क्षेत्रमा यस आन्दोलनको आफ्नै मौलिक पहिचान छ । सर्वप्रथम वि.सं. २००४ सालको विराटनगर मजदुर आन्दोलन नेपालको मजदुर आन्दोलनको इतिहासमा विशेष महत्त्व राख्दछ । नेपालका लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व गिरिजाप्रसाद कोइरालाले नेतृत्वमा विराटननगर जुट मिलका मजदुरहरूले वर्गीय हित तथा पेसागत सुरक्षाको माग राखी अघि बढाएको आन्दोलन नेपालको मजदुर आन्दोलनको इतिहासको पहिलो संस्थागत आन्दोलन हो । साँचो अर्थमा गिरिजाप्रसाद कोइरालाको राजनीतिक पदार्पण विराटनगरको जुट मिलबाट सुरु भएको ऐतिहासिक विराटनगर जुटमिल मजदुर आन्दोलन नै हो । यस आन्दोलनमा नेपाली कम्युनिस्ट आन्दोलनका अर्का शिखर व्यक्तित्व मनमोहन अधिकारी, तारिणीप्रसाद कोइरालालगायतको योगदान उल्लेख्य छ ।

यसै सन्दर्भमा वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको एक महत्त्वपूर्ण पाटाका रूपमा विराटनगर मजदुर आन्दोलन रहेको कुरामा कसैको दुई मत नरहला । जिपी कोइराला अनि मनमोहन अधिकारीजस्ता नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूको राजनीतिक यात्रा सशक्त मजदुर नेताकै रूपमा उदय हुनुमा जुटमिल मजदुर आन्दोलन नै हो ।

नेपालको राजनीतिक आन्दोलन, परिवर्तन तथा लोकतन्त्रको पुनर्स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा नेपालका पेसाकर्मी श्रमजीवी तथा मजदुरहरूको योगदान निकै महत्त्वको छ । वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलन होस् या २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका लागि भएको जनआन्दोलन, त्यस्तै २०६२/६३ को गणतान्त्रिक लोकतन्त्रको स्थापनाका लागि भएको जनआन्दोलनमा श्रमजीवी मजदुर वर्गको सक्रिय सहभागिता रहेको हो । जसको परिणामस्वरूप नेपालको राजनीतिक परिवर्तन सम्भव भयो । सामाजिक आर्थिक रूपान्तरणका दिशामा देश अग्रगमनमा छ ।

नेपालको संविधान २०७२ को भाग तीनमा व्यवस्था भएको मौलिक हकअन्तर्गत धारा ३३ मा रोजगारीको हक तथा धारा ३४ मा श्रमसम्बन्धी हकलाई महत्त्वका साथ ग्रहण गरिएको छ । रोजगारीको हक र रोजगारी छनोटसम्बन्धी हकको प्रत्याभूति भएको पाइन्छ । साथै, श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षा, कानुनबमोजिम ट्रेड युनियन खोल्ने, सहभागी हुने तथा सामूहिक सौदाबाजीको हकलाई मुखरित गरेको छ । यसको कार्यान्वयनपक्षलाई प्रभावकारी र श्रमिकमैत्री बनाउनु थप चुनौती छ ।

श्रमजीवी र मजदुर वर्गको अधिकार र पेसागत हितको संरक्षण, प्रवर्द्धन र रोजगारीको पूर्णप्रत्याभूति संस्थागत गर्ने अभियानको थालनीका रूपमा मई दिवसलाई लिइन्छ । श्रमजीवी वर्गको श्रमको मूल्य र राज्यशक्तिबाट उचित सम्मानको संस्थागत र व्यवहारमा कदर सोपानको सन्देशले विशेष महत्त्व राख्दछ । मजदुर आन्दोलन र श्रमजीवी वर्गको हितको उन्नयनका लागि विश्वका मजदुर एक होऔं भन्ने उद्घोषका साथ विश्वमा राजनीतिक क्रान्ति र उन्मुक्तिका उभारहरू विभिन्न कालखण्ड र समयक्रममा अघि बढ्दै मजदुर आन्दोलनले संस्थागत र सारभूत मान्यता प्राप्त गऱ्यो । राजनीतिक आन्दोलन, परिवर्तनका संवाहकका रूपमा श्रमजीवी मजदुर वर्गको अहम् भूमिका रहेको ऐतिहासिक पृष्ठभूमिलाई आजको सन्दर्भमा अझ महत्त्वका रूपमा लिनुपर्दछ । यसै सन्दर्भमा अमेरिकी मजदुर आन्दोलन, पेरिस कम्युनको ऐतिहासिक आन्दोलनमा मजदुर तथा श्रमजीवी वर्गको अग्रणी भूमिका रहेको कुरा ऐतिहासिक यथार्थपरक छ । श्रमको अतिरिक्त मूल्यका सिद्धान्त अर्थशास्त्र र राजनीतिक विधाको बहस पैरवी इतिहासले खोज्यो, श्रमजीवी वर्ग र तिनका अगुवाले वकालत गरे, नीति निर्माता र राज्य सञ्चालकले परिपालनाको प्रयास निरन्तर गरे ।

अमेरिकी इतिहासको एक महत्त्वपूर्ण घटनाक्रमका रूपमा मजदुर आन्दोलनलाई लिइन्छ । जसै हामी मजदुर आन्दोलन र मे क्रान्तिको कुरा गर्छौं, त्यसको पृष्ठभूमिमा मजदुर वर्गको हित र सुरक्षाको प्रत्याभूतिका यावत् तथ्य तथा घटनाक्रमको आफैंमा महत्त्व छ । सन् १८८६ मे १ को त्यो ऐतिहासिक दिन अमेरिकाको शिकागो सहरमा त्यहाँको आमहड्तालमा लाखौं श्रमजीवी मजदुर वर्ग पेसागत हितको प्रवर्द्धन, कामको सुरक्षा, यथोचित् मनोरञ्जनको आवश्यकतालगायतका मागहरू राखी सडकमा आन्दोलनको उद्घोष गरे ।

न्यूनतम आठ घण्टाको काम, आठ घण्टाको आराम र आठ घण्टाको मनोरञ्जनको मागसहित शिकागोका सडकमा स्वःस्फूर्तरूपमा उर्लिएको श्रमिक सागरमा सरकारी सुरक्षाकर्मीले घोर धरपकड र दमनको ताण्डव नृत्य छरपष्ट देखायो । यसै त सन् १८८६ को मे १४ का दिन निहत्था पेसाकर्मी मजदुर आन्दोलनमा सरकारी क्रुर दमनको परिणतिका रूपमा गोली चलाइँदा छ जना निहत्था प्रदर्शनकारीहरूको मृत्यु भयो भने दर्जनौं घाइते भए । शिकागो सहरबाट सुरु भएको मजदुर तथा श्रमजीवी वर्गको आन्दोलन शनैः अमेरिकाका विभिन्न सहरमा फैलियो ।

आन्दोलन निरन्तर चार वर्षसम्म अघि बढेपछि तात्कालिक अमेरिकी सरकार आन्दोलनकारी मजदुरहरूको मागलाई सम्बोधन गर्न सकारात्मक भयो र आठ घण्टाको कार्य समयलगायतका अन्य विभिन्न मागलाई सम्बोधन गर्ने कानुन निर्माणमा सहमत भयो । १ मेका दिनलाई मजदुर दिवसका रूपमा मनाउने अभियानको सारका रूपमा सन् १८९० मा सर्वहारा क्रान्तिका एक नायक फ्रेडरिख एंगेल्सको नेतृत्वमा दोस्रो कम्युनिस्ट इन्टरनेसनलको सम्मेलनको सारमा मे १, १८९० देखि विधिवत्रूपमा मे दिवसको थालनी भएको पनि पाइन्छ । मूलतः मजदुर वर्गको आधारभूत मौलिक अधिकारको आवश्यकता बोधको विम्ब हुनुपर्छ । श्रमजीवी र सीमान्तकृत जनताको सामाजिक आर्थिक रूपान्तरण र मानवअधिकारको प्रत्याभूतिको अभियान हो ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, को धारा २३ र धारा २४ मा स्पष्टरूपमा मानवअधिकार र श्रमजीवी वर्गको हक अधिकारको प्रत्याभूत गरिएको छ । यस घोषणापत्रको धारा २३(१) मा व्यवस्था भएअनुसार प्रत्येक व्यक्तिलाई कार्य गर्ने, रोजगारीको स्वतन्त्र छनोट, आफू सुहाउँदो कार्य अवस्थाको तथा बेरोजगारीविरुद्ध सुरक्षाको अधिकार छ । धारा २३(२) मा प्रत्येक व्यक्तिको विनाभेदभाव समान कार्यका लागि समान ज्याला तलब पाउने अधिकार छु भन्ने उल्लेख छ । धारा २३(४) को प्रावधानअनुसार प्रत्येक व्यक्तिलाई निजको हितको रक्षार्थ ट्रेड युनियन स्थापना गर्न र त्यसमा स्वतन्त्ररूपमा सहभागी हुने अधिकार रहने छ ।

धारा २४(४) मा प्रत्येक व्यक्तिलाई कार्य घण्टाको कारण योग्य सीमांकन तथा आवधिक वैधानिक बिदासहितको विश्राम र फुर्सदको अधिकार छु भन्ने उल्लेख छ । मानवअधिकारको विश्वव्यापी घोषणपत्रको एक पक्षकार राष्ट्रका रूपमा यसका प्रावधानलाई कार्यान्वयनमा ल्याउनु नेपालको दायित्व हो । कार्यान्वयनमा सरकार तथा अन्य सरोकारवाला निकाय कत्तिको इमान्दार र क्रियाशील रहन सकेका छन् भन्ने कुरा समीक्षाको पाटो रहन्छ ।

नेपाली मजदुर तथा श्रमजीवी वर्गको हित प्रवर्द्धन, रोजगारीको सुरक्षा र हक अधिकारको संरक्षणका लागि लोकतान्त्रिक सरकारले प्राथमिक दायित्व महसुस गर्नुपर्ने हो तर व्यवहारमा त्यसको कुनै छनक पाइएको छैन । व्यवहारलाई ऊर्जाशील र नीतिगत कार्यक्रममा समेट्नुपऱ्यो । सामाजिक सुरक्षाका कार्यक्रम, रोजगारीको ग्यारेण्टीको कार्यक्रम, युवा स्वरोजगार तथा उद्यमशीलता कार्यक्रम, वैदेशिक रोजगारीमा गएका युवाको रगत र पसिनाको सुरक्षा र सम्मान तथा आकर्षक वेतन, समान काम समान ज्यालाको मापदण्डको ग्यारेण्टी, भनाइका आकर्षक पुलिन्दामात्र नबाँडेर कार्यान्वयन तहमा परिणाममुखी देखिनुपऱ्यो ।

श्रमजीवी किसान वर्गको आर्थिक सामाजिक उत्थान र शिक्षित युवाको श्रमबजारमा पहुँच र रोजगारीका अवसर सिर्जना गर्ने दिशामा संघीय र स्थानीय सरकार जुर्मुराउनुपऱ्यो । औद्योगिक तथा व्यावसायिक क्षेत्र, ट्रेड युनियनका छाता संगठनहरूले समन्वयात्मक सहकार्य र अनुकूल कार्य वातावरण निर्माण र थप रोजगारीका अवसर दिनुपऱ्यो । केही अघिको तथ्यांकअनुसार काम गर्ने उमेर समूहका ११.४ प्रतिशत बेरोजगार रहेको जसमा पुरुष १०.३ प्रतिशत र महिला १३.१ प्रतिशत रहेको छ । बेरोजगार रहनु नकारात्मक संकेत हो । हजारौं नेपाली ऊर्जाशील श्रमशक्ति सीपयुक्त युवा सामान्य रोजगारीका लागि खाडी मुलुक, मलेसियालगायतका मुलुकमा भौतारिनुपर्ने क्रममा सुधारको आवश्यकता छ । सरकारको नीति तथा कार्यक्रम, रोजगार नीति समयसापेक्ष कार्यान्वयनयोग्य र श्रम कानुनमा श्रमिक वर्गको हितको पोषणतर्फ परिलक्षित हुनुपर्दछ ।

## पाठक मञ्च

### सानो मन्त्रीमण्डल, ठूलो आशा

सरकारले हालै मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा सीमित गर्ने जुन निर्णय गरेको छ, यो स्वागतयोग्य छ । वर्तमान राज्य व्यवस्था र प्रशासनिक सुधारका लागि यो एउटा साहसिक र सकारात्मक कदम मान्नुपर्छ । प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा रहेको मन्त्रिपरिषद्ले प्रशासनिक खर्च कटौती र कार्यसम्पादनमा प्रभावकारिता ल्याउने जुन अठोट लिएको छ, यसले आम नागरिकमा नयाँ उत्साह सञ्चार गरेको छ ।

लामो समयदेखि नेपालको राजनीतिमा भागबण्डा मिलाउनकै लागि मन्त्रालयको संख्या बढाउने र राज्यकोषमा अनावश्यक आर्थिक भार थप्ने विकृति मौलाएको थियो । आवश्यकताभन्दा बढी मन्त्रालय र मन्त्रीहरू हुँदा निर्णय प्रक्रिया सुस्त हुने, एउटै काममा धेरै निकायहरू बाझिने र विकास बजेटभन्दा चालु खर्च (तलब, भत्ता, गाडी र सचिवालय) धेरै हुने समस्याले मुलुक जकडिएको थियो । यस्तो पृष्ठभूमिमा सरकारले मन्त्रालयहरूको पुनर्संरचना गरी संख्या घटाउनुले प्रशासनिक सुधार र मितव्ययिता केवल नारामामात्र सीमित नभई व्यवहारमा उतार्ने संकेत दिएको छ ।

खासगरी, सरकारले प्रविधि र आविष्कारलाई केन्द्रमा राखेर छुट्टै विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय गठन गर्नु वर्तमान समयको माग हो । २१औं शताब्दीको दौडमा प्रविधिको विकासविना कुनै पनि मुलुकले आर्थिक समृद्धि हासिल गर्न सक्दैन । त्यस्तै, सूचना प्रविधिसम्बन्धी कार्यहरूलाई प्रधानमन्त्री कार्यालय मातहत लैजानुले डिजिटल नेपालको सपनालाई थप गति दिने छ । शिक्षा र खेलकुद, कृषि र वन, स्वास्थ्य र खाद्य सुरक्षाजस्ता अन्तरसम्बन्धित क्षेत्रहरूलाई गाभेर मन्त्रालय बनाउँदा नीतिगत समन्वयमा सहजता आउने निश्चित छ ।

मन्त्रालय संख्यामा गरिएको यो हेरफेरले राज्य संयन्त्रलाई चुस्त बनाउन मद्दत गर्ने अपेक्षा गर्न सकिन्छ । मन्त्रालय घटाउनु भनेको केवल मन्त्रीको संख्या घटाउनुमात्र होइन, बरु त्यससँगै जोडिएका सचिव, सहसचिव र तल्लो तहका कर्मचारीहरूको दरबन्दीमा पनि पुनरावलोकन गर्ने अवसर हो । यदि कर्मचारी संयन्त्रलाई पनि यसै गरी चुस्त बनाउन सकिएमा अर्बौं रूपैयाँको चालु खर्च जोगिन सक्छ, जुन रकम पूर्वाधार विकासमा लगाउन सकिन्छ ।

यद्यपि, मन्त्रालयको संख्या घटाउनुमात्र आफैंमा पूर्ण सफलता होइन । संरचना सानो भएरमात्र पुग्दैन, त्यसको काम गर्ने शैलीमा पनि आमूल परिवर्तन आउनु आवश्यक छ । मन्त्रालय गाभिँदा कर्मचारीहरूको समायोजन र कार्यविभाजनमा हुने अन्योलले सेवा प्रवाहमा असर पर्न दिनु हुँदैन । नयाँ मन्त्रालयहरूले आफ्नो जिम्मेवारी बुझेर परिणाममुखी काम गर्न सकेमात्र यो सुधारको वास्तविक अर्थ रहन्छ ।

सरकारले शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत रहेर चालेको यो कदम प्रशंसायोग्य छ । राजनीतिक भागबण्डाको दबाबलाई चिर्दै प्रशासनिक सुशासन कायम गर्ने यो प्रयासले आगामी दिनमा अन्य राज्यका निकायहरूमा पनि सुधारको बाटो देखाउने छ भन्ने मेरो विश्वास छ ।

**- प्रमोदकुमार रेग्मी**
कुमारीपाटी, ललितपुर



**गुन्द्री बुन्न सिक्दै** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० का महिला नगरपालिकाको 'एक वडा एक उद्यम' कार्यक्रमअन्तर्गत पटेरो घाँसबाट गुन्द्री बुन्ने सीप सिक्दै । *तस्बिरः रासस*

# 'सिटी स्क्यान' सेवा सञ्चालन गर्न दक्ष जनशक्ति अभाव

**सिरहा–** सिरहाको लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा उद्घाटन गरिएको 'सिटी स्क्यान' सेवा जनशक्ति अभावका कारण सञ्चालन हुन सकेको छैन । यही वैशाख २१ गते उद्घाटन गरिए पनि दक्ष प्राविधिक नहुँदा सेवा सञ्चालन हुन नसकेको हो ।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले मेसिन भएर पनि सेवा दिन नसक्दा जनमानसमा गलत सन्देश गएकाले जनशक्ति व्यवस्थापनका लागि सरकारले सहयोग गर्नुपर्ने बताए ।

'आमनागरिकले सस्तो र सुलभ मूल्यमा विशेषज्ञ सेवा पाऊन् भन्ने पवित्र उद्देश्यले धेरै पहल गरेर मेसिन त ल्यायौं, तर सञ्चालन गर्ने प्राविधिक जनशक्ति नहुँदा अप्ठेरोमा परेका छौं,' उनले भने ।

अस्पताल प्रशासनका अनुसार यो सेवा पूर्णरूपमा सञ्चालन गर्न कम्तीमा एक जना रेडियोलोजिस्ट, एक जना रेडियो प्राविधिक र अर्को एक जना सहयोगी गरी तीन जना कर्मचारीको तत्काल आवश्यकता छ । हालै (जेठ २४ गते) कार्यभार सम्हालेकी अस्पताल प्रमुख डा. वर्षा प्रकाशले जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारको विषयगत मन्त्रालयमा पहल भइरहेको बताइन् । उनले भनिन्, 'हामीले आवश्यक जनशक्तिका लागि सम्बन्धित प्रदेश मन्त्रालयमा निरन्तर समन्वय र ताकेता गरिरहेका छौं, तर यस विषयका दक्ष जनशक्ति (रेडियोलोजिस्ट) प्रदेशभरि नै अभाव रहेकाले मन्त्रालयले कहिलेसम्म कर्मचारी पठाउँछ भन्ने टुंगो लाग्न सकेको छैन ।'



मधेस प्रदेशमा कर्मचारी समायोजनबाट आएका एक्ला वरिष्ठ रेडियोलोजिस्ट डा. बृजेन्द्रकुमार साह यसअघि यही अस्पतालमा निमित्त मेसुका रूपमा कार्यरत थिए । प्रदेश सरकारले डा. साहकै विज्ञतालाई हेरेर लहानमा सिटी स्क्यान मेसिन पठाएको थियो, तर गत माघ २ गते मन्त्रालयले डा. साहलाई सर्लाहीको मलंगवास्थित प्रादेशिक अस्पतालमा सरुवा गरेपछि समस्या भएको जानकारहरू बताउँछन् ।

यहाँ मधेस प्रदेशका तत्कालीन स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहको कार्यकालमा आर्थिक वर्ष २०८१/८२ मा १२ करोड रूपैयाँ लागतमा दुईवटा सिटी स्क्यान मेसिन खरिद गरिएको थियो । तीमध्ये एउटा मेसिन जनकपुरस्थित मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान र अर्को लहान अस्पतालमा पठाइएको तत्कालीन प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक डा. सुनिलप्रसाद कुशवाहाले जानकारी दिए । *रासस*

# फेवातालको जलाधार क्षेत्र संरक्षण तीव्र

**गण्डकी (प्रस)–** सरकारको १०० बुँदे शासकीय सुधार कार्यक्रममा समेटिएको फेवातालको जलाधार क्षेत्र संरक्षण योजना कार्यान्वयनका लागि सम्बन्धित निकायले सक्रियता अगाडि बढाएका छन् ।

शासकीय सुधार कार्यक्रममा फेवा संरक्षित जलाधार क्षेत्रको अतिक्रमण हटाउने, पहिरो व्यवस्थापन, मुहान संरक्षण र जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन गरी जलाधार क्षेत्रको संरक्षण गर्ने उल्लेख छ । आर्थिक वर्ष २०७८/८९ मा बनाइएको 'फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजना' कार्यान्वयनका लागि वन तथा भू-संरक्षण विभाग, बृहत् जलाधार व्यवस्थापन केन्द्र, गण्डकी र कास्कीस्थित जिल्ला भू-तथा जलाधार संरक्षण समितिले पहल थालेका हुन् ।

जिल्ला भू-तथा जलाधार संरक्षण समितिका संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजनालाई अद्यावधिक र परिमार्जनसहित कार्यान्वयन गर्ने गरी वन तथा भू-संरक्षण विभागलाई सुझाव दिइएको बताए ।

विभागबाट योजना स्वीकृत भएर आएपछि कार्यान्वयनमा जाने उनको भनाइ छ । सन् २०२२ देखि २०३१ सम्मको कार्यान्वयन अवधि तोकेर उक्त योजना निर्माण गरिएको छ । फेवातालको जलाधार क्षेत्र संरक्षणलाई उच्च महत्त्व दिएर सरकारले शासकीय सुधारका सय बुँदामा समेटेकाले यसको कार्यान्वयन गर्नु सम्बद्ध सबै पक्षको जिम्मेवारी रहेको प्रमुख पौडेलले बताए । समितिको बैठकले उक्त योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने निर्णयसमेत गरेको उनको भनाइ छ ।

विभागका उपमहानिर्देशक उद्धवबहादुर घिमिरेसहित विज्ञको टोलीले केही समयअघि फेवा संरक्षित जलाधार क्षेत्रको स्थलगत अवलोकन गरी उक्त योजना कार्यान्वयनमा विषयमा सरोकार भएका पक्षहरूसँग छलफल गरेको थियो। जलाधार व्यवस्थापन केन्द्रले बनाएको व्यवस्थापकीय योजना अद्यावधिक र परिमार्जनसहित विभागबाट स्वीकृत भएपछि केन्द्रमार्फत नै कार्यान्वयन हुने जनाइएको छ ।

उक्त योजनाअन्तर्गत जलाधार क्षेत्रको अतिक्रमण हटाइ पुनर्स्थापना गर्ने, मुहान तथा पानीका स्रोत संरक्षण, पहिरो रोकथाम, वृक्षरोपण, सौन्दर्यीकरण र जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गरिने भएको छ । मानवीय र प्राकृतिक कारणले अतिक्रमणमा पर्दै गएको फेवाताल संरक्षणका लागि उक्त व्यवस्थापकीय योजना ल्याउन लागिएको हो । सर्वोच्च अदालतले फेवातालको ६५ मिटरभित्रको मापदण्डमा पर्ने संरचना हटाउन यसअघि नै आदेश दिएको थियो ।

फेवाताल संरक्षित जलाधार क्षेत्र १२३ वर्ग किलोमिटरमा फैलिएको जलाधार व्यवस्थापन केन्द्रका सूचना अधिकारी अमर अधिकारीले जानकारी दिए । फेवाताल र यसको जलाधार क्षेत्रको संरक्षण, एकीकृत विकास तथा व्यवस्थापनका लागि सरकारले वि.सं. २०७८ मा फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरेको थियो ।

'फेवाताल जोगाउन यसको जलाधार क्षेत्र संरक्षण गर्नुपर्छ, अतिक्रमण राक्नुपर्छ,' अधिकारीले भने, 'बर्सेनि फेलाताल पुरिँदै गएको छ, यसको नियन्त्रण जरूरी छ, पहिरो रोकथाम, मुहान संरक्षण आदिमा ध्यान दिनुपर्छ ।'

# 'बरघर' ऐन बनाउँदै लुम्बिनी प्रदेश

**दाङ (प्रस)–** लुम्बिनी प्रदेश सरकारले थारू समुदायको पहिचानसँग जोडिएको 'बरघर' ऐन निर्माण गर्न लागेको छ । त्यसका लागि आगामी वर्षे अधिवेशनमा विधेयक पेस गर्ने तयारी रहेको प्रदेश सभामुख तुलाराम घर्तीले जानकारी दिए ।

उनले ऐनका लागि 'मस्यौदा' तयार भइसकेको गरी प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरिसकेकाले अब बस्ने प्रदेशसभा बैठकमा पेस गरिने बताए । थारू समुदायमा बरघर, महतवा, भलमन्साको प्रचलनमा रहेका छन् । ती प्रचलनलाई संरक्षण गर्न कानुन निर्माण गर्न लागिएको हो । लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले यी प्रथाले समाजलाई एकता बनाउनुका साथै सामाजिक काममा सहयोग पुग्ने भएकाले कानुन बनाएरै संरक्षण गरिनुपर्ने बताए ।

'यस प्रथाले गाउँको कार्यकारी, न्यायिक र व्यवस्थापकीय काममा सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ । हरेक वर्ष माघीका अवसरमा गाउँलेको भेलाबाट चुनिने यस्तो नेतृत्वले कुलोपानीको व्यवस्थापन, बाटोघाटो निर्माणजस्ता सामूहिक श्रम (बेगारी)को परिचालन गर्नेदेखि गाउँका झैझगडा मिलाउने र सांस्कृतिक रीतिथिति जोगाउनेसम्मको सम्पूर्ण जिम्मेवारी सम्हालेको हुन्छ,' उनले भने, 'त्यसैले आपसी एकता, सामाजिक अनुशासन र सामूहिक हितलाई केन्द्रमा राखेर गाउँलाई एउटा व्यवस्थित एकाइका रूपमा सञ्चालन गर्ने भएकाले यी प्रथालाई संरक्षण गर्न आवश्यक छ ।'

# बन्दीपुर अस्पताललाई करिब ४० लाख मूल्यको उपकरण सहयोग




**बन्दीपुर (तनहुँ)–** तनहुँको बन्दीपुर गाउँपालिका-४ स्थित बन्दीपुर अस्पताललाई विभिन्न संघसंस्था तथा व्यवसायीले करिब ४० लाख रूपैयाँबराबरका आधुनिक स्वास्थ्य उपकरण सहयोग गरेका छन् ।

लायन्स क्लब अफ चितवन चौतारी र लोयल ट्रेडर्सले बुधबार अस्पताललाई अस्पतालको प्रयोगशालामा आवश्यक पर्ने आधुनिक मेसिनहरू उपलब्ध गराएका हुन् । अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.अनिल गिरीका अनुसार लायन्स क्लब अफ चितवन चौतारीले करिब २० लाख रूपैयाँ मूल्यका दुईवटा मेसिन सहयोग गरेको हो । जसमा क्लिया मेसिन र पिटी/आइएनआर मेसिन रहेका छन् ।

क्लिया मेसिनमार्फत थाइराइड, भिटामिन डी, भिटामिन बी-१२, पाठेघरको क्यान्सर (सिए १२५), प्रोस्टेटको क्यान्सर (पिएसए) लगायत विभिन्न प्रकारका हर्मोनजन्य समस्या परीक्षण गर्न सकिने डा. गिरीले जानकारी दिए ।

त्यसैगरी, पिटी/आइएनआर मेसिनले रगत जम्नेसम्बन्धी र मुटुरोगी तथा सर्प वा अरिंगालले टोकेका बिरामीको परीक्षणमासमेत क्लिया मेसिन उपयोगी हुने बताइएको छ ।

त्यसैगरी, भरतपुर चितवनस्थित लोयल ट्रेडर्सले करिब २० लाख रूपैयाँ मूल्यका उपकरण उपलब्ध गराएको छ । जसअन्तर्गत पूर्णरूपमा स्वचालित जैविक रसायन (बायोकेमेस्ट्री) परीक्षण मेसिन र 'हेमाटोलोजी एनालाइजर' मेसिन रहेको अस्पतालले जनाएको छ ।

बायोकेमेस्ट्री मेसिनमार्फत कलेजो, मिर्गौला, युरिक एसिड, एमाइलेज, लाइपेजलगायतका परीक्षण गरिन्छ । यसैगरी, 'सिविसी एनालाइजर'ले शरीरमा रगतको मात्रा तथा रगतभित्र रहेका विभिन्न 'सेल'हरूको विस्तृत परीक्षण गरी रोगको पहिचान गरिने सुपरिटेण्डेन्ट डा. गिरीले जानकारी दिए ।

लायन्स क्लब अफ चितवन चौतारीका अध्यक्ष दीपक बस्नेतले अब बन्दीपुर क्षेत्रका नागरिकले सामान्यदेखि विशेष स्वास्थ्य परीक्षणका लागि पोखरा, चितवन वा काठमाडौं धाउन नपर्ने बताए । उनका अनुसार अत्याधुनिक उपकरण जडानसँगै अधिकांश परीक्षण सेवा अब बन्दीपुरमै उपलब्ध हुने छ ।

त्यस्तै, गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले उपकरण सहयोगले स्थानीय नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मद्दत पुग्ने बताए । उनले बन्दीपुरसहित तनहुँका भानु, व्यास, आँबुखैरेनी पालिका, गोरखा र लमजुङका नागरिकलेसमेत स्वास्थ्य सेवा लिनसक्ने बताए ।

बन्दीपुर अस्पतालमा पछिल्लो एक वर्षमा २४ हजारभन्दा बढी व्यक्तिले स्वास्थ्य सेवा लिएका छन् । हरेक दिन बिहान ७:०० देखि बेलुकी ८:०० बजेसम्म सञ्चालन भइरहेको विस्तारित बहिरंग (ओपिडी) सेवाका कारण बिरामीलाई उपचारमा थप सहज भएको अस्पतालले स्पष्ट गरेको छ ।

हाल १५ शयया क्षमतामा सञ्चालन भइरहेको अस्पतालमा आँखा, प्रसूति, दाँत, प्रयोगशाला, फार्मेसीलगायत सेवा प्रवाह हुँदै आएको छ । वि.सं. २०२२ साल स्थापना भएको बन्दीपर अस्पतालको निर्माणाधीन नयाँ भवन तयार भएसँगै सेवा विविधीकरण गरी गुणस्तरीय सेवा प्रवाह गर्न अस्पताल प्रतिबद्ध रहेको सुपरिटेण्डेन्ट डा. गिरीले जानकारी दिए । *रासस*


## साइप्रसमा रोजगार

कम्पनी : E..C.ILLUMINATE -LIC NO.481

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342187 | चलानी नं. ६०२५५४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 10 | 400 | ७१,७०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Laburer | 5 | 5 | 650 | १,१६,५२४ | | | | | | | |
| 3. | Cooks | 3 | 0 | 900 | १,६१,३४० | | | | | | | |
| 4. | Waiter | 2 | 0 | 700 | १,२५,४८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ८ र ९ गते (22 and 23 May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1798/082/83

R.D. HUMAN RESOURCE PVT.LTD.

Ratopul-9, Rudreshwor Marg, Kathmandu, Nepal, Contact: +977-01-4533915, 5924815,
Shyam Kaji Tamang: 9851086813, E-mail : rdhumanresourcesnp@gmail.com, Web : www.rdhr.com.np

## मलेसियामा रोजगार

कम्पनी : ALTEK MEDICAL SDN BHD | Address : Jalan Teknologi Perintis

पूर्व स्वीकृति मिति : २०८३/१२/३१ | LT. No. 342088 | चलानी नं. ६०२५५४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY OPERATOR | 90 | 0 | 1700 | ६६,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ८ र ९ गते (22 & 23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

श्रम ईजाजत नं. १२७५/०७४/७५

## कुवेतमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : SPIRIT REAL ESTATE DEVELOPMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342070 | चलानी नं. ६०२५५४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 20 | 20 | 200 | ९९,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Attendants | 20 | 20 | 140 | ६९,५३५ | | | | | | | |
| 3 | Steward/Cleaner | 15 | 0 | 100 | ४९,६६५ | | | | | | | |
| 4 | Waiter/Waitress | 30 | 30 | 160 | ७९,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७

## साउदी/ओमनमा रोजगार

कम्पनी : ALI HUSSEIN SHAAB EST

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 332861 | चलानी नं. ६०२४६६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 2 | 0 | 1000 | ४०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-AKHDAR TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342061 | चलानी नं. ६०२५५४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cement Blocks Bricklayer | 1 | 0 | 140 | ५५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason General | 2 | 0 | 140 | ५५,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ८ गते (22nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Wasim Ansari 980-8960228, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०२२०० | प्रति तोला – ० | प्रति तोला – ५७१० |



मार्सीधान रोपिंदै | जुम्लाको चन्दननाथ नगरपालिका–२ भण्डारीवाडाका किसान खेतमा मार्सीधान रोपिंदै । तस्बिर: विजय रावत/रासस

## ‘लगानीकर्तामा आत्मविश्वासको कमीले कर्जा प्रवाह न्यून’

■ प्रभाव संवाददाता

**काठमाडौं–** बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन)का अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले लगानीकर्तामा आत्मविश्वासको कमीका कारण अपेक्षाकृत रूपमा कर्जा प्रवाह नभएको बताएका छन् ।

राजधानीमा आयोजित आर्थिक पत्रकारहरूसँगको अन्तरक्रियामा अध्यक्ष श्रेष्ठले बैंकमा पर्याप्त तरलता हुनुका कारण व्यवसायीहरूमा आत्मविश्वासको कमी भएकाले न्यून ब्याजदर हुँदा पनि कर्जा प्रवाह अपेक्षाकृत रूपमा नभएको उल्लेख गरे । उनले उद्योगी अहिले लगानीका लागि ‘पर्ख र हेर’को अवस्थामा रहेको उल्लेख गर्दै यसको प्रभाव बैंकिङ क्षेत्रमा परेको बताए । पछिल्लो समय बैंकको खराब कर्जा बढिरहेको सन्दर्भमा केही गल्ती बैंकको पनि भएको उनको भनाइ थियो ।

**‘बैंकिङ क्षेत्रमा पनि केही अस्वस्थ प्रतिस्पर्धा छ, धैरे शाखा खोल्ने, जसरी पनि कर्जा बढाउन जस्तो पनि धितो राख्नेलगायतका समस्या छन्, हामीले यसमा सुधार गर्नु जरुरी छ’, सिबिफिन अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले भने ।**

‘बैंकिङ क्षेत्रमा पनि केही अस्वस्थ प्रतिस्पर्धा छ, धैरे शाखा खोल्ने, जसरी पनि कर्जा बढाउन जस्तो पनि धितो राख्नेलगायतका समस्या छन्, हामीले यसमा सुधार गर्नु जरुरी छ’, अध्यक्ष श्रेष्ठले भने ।

सिबिफिनका अनुसार हाल खराब कर्जा पाँच दशमलव ३४ प्रतिशत पुगेको छ । जुन पछिल्लो १० वर्षयताकै सबैभन्दा बढी हो । बैंकको खराब कर्जा सन् २०२५ मा चार दशमलव ६२ प्रतिशत थियो भने सन् २०१७ मा दुई दशमलव ६३ प्रतिशत थियो ।

सिबिफिनका उपाध्यक्ष राजेश उपाध्यायले समग्र अर्थतन्त्रमा समस्या आउँदा बैंकिङ क्षेत्र प्रभावित भएको बताए । यद्यपि पछिल्लो समयको राजनीतिक परिवर्तनले भने सबैमा आशा जगाएको उनको भनाइ थियो ।

‘राजनीतिक परिवर्तनले आमरूपमा ठूलो आशा जगाएको छ, सरकार अहिले सुशासन कायम गर्न लागेको छ, त्यसपछिको काम भनेको आर्थिक विकास नै हो’, उनले भने । सरकारले सात वर्षमा १०० अर्ब डलरको अर्थतन्त्रका लागि पनि लगानी बढाउनुको विकल्प नभएकाले लगानीमैत्री वातावरण भने निर्माण हुनुपर्नेमा जोड दिए । उनले बैंकिङ क्षेत्रमा पनि अस्वस्थ प्रतिष्पर्धालाई स्वीकार गर्दै त्यसमा सुधार जरुरी भएको बताए ।

सिबिफिनका महासचिव मनोजकुमार गोयलले निर्माण क्षेत्र सुस्त हुँदा कर्जा प्रवाह कम भएको तर खराब कर्जा बढ्दा पनि बैंकिङ क्षेत्र कमजोर भने नभएको उल्लेख गरे । ‘बैंकमा ब्याजदर घट्दो छ, तर निक्षेपको ब्याजदर कमजोर हुँदा पुँजी पलायनको जोखिम पनि बढेको’, उनले भने, ‘बैंकिङ क्षेत्र अर्थतन्त्रको ‘रिफ्लेक्सन’ पनि हो, अर्थतन्त्र राम्रो भएन भने बैंकिङ क्षेत्रमा पनि काम्रो हुँदैन ।’

## नेपाल–भारत व्यापार विस्तारबारे कोलकातामा छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतको कोलकातास्थित नेपाली महावाणिज्यदूतावासले नेपाल–भारतबीच व्यापार, पारवहन, लगानी तथा आर्थिक सहकार्य प्रवर्द्धन गर्ने उद्देश्यले ‘नेपालको व्यापार, पारवहन तथा लगानी सहजीकरणसम्बन्धी छलफल कार्यक्रम आयोजना गरेको छ ।

गत मंगलबार आयोजित उक्त कार्यक्रममा व्यापार, पारवहन, ढुवानी, सम्पर्क सञ्जाल तथा लगानीका क्षेत्रमा नेपाल-भारत सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको उक्त महावाणिज्यदूतावासले जनाएको छ । साथै नेपालको व्यापार तथा पारवहन संरचना, लगानीका सम्भावना तथा नेपाल-भारत आर्थिक सहकार्य सुदृढ गर्न भएका प्रयासबारे पनि विमर्श भएको थियो ।

कार्यक्रममा श्यामाप्रसाद मुखर्जी बन्दरगाह, कोलकाताका अध्यक्ष राजेन्द्र रमनसहित वरिष्ठ अधिकारी, कोलकाता भन्सार कार्यालयका प्रतिनिधि, जल यातायात तथा ढुवानी सेवा प्रदायक, कोलकाता कस्टम्स हाउस एजेन्ट्स एसोसिएसन तथा नेपाल कस्टम्स हाउस एजेन्ट्स एसोसिएसनका प्रतिनिधि, आयातकर्ता, निर्यातकर्ता, लगानीकर्ता, नेपाली व्यवसायी, सञ्चारकर्मी तथा सार्वजनिक र निजी क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको थियो ।

त्यसैगरी, श्यामाप्रसाद मुखर्जी बन्दरगाह, कोलकाताका ट्राफिक प्रबन्धक रविशंकर राजहंसले बन्दरगाहमा उपलब्ध सुविधा, पूर्वाधार विकासका काम तथा नेपालतर्फ जाने मालसामानको ढुवानी सहज बनाउन अपनाइएका उपायबारे जानकारी दिएका थिए ।

कार्यक्रमका सहभागीहरूले व्यापार सहजीकरण, भन्सार समन्वय, ढुवानी व्यवस्थापन, सम्पर्क सञ्जाल विस्तार तथा लगानी प्रवर्द्धनका विषयमा सुझाव राखेका थिए । सहभागीले उठाएका जिज्ञासा तथा समस्याबारे महावाणिज्यदूत झक्कप्रसाद आचार्यले जवाफ दिएका थिए । उनले नेपाल-भारतबीच व्यापार सहजीकरण, सम्पर्क सञ्जाल विस्तार तथा द्विपक्षीय आर्थिक सहकार्य प्रवर्द्धनका लागि महावाणिज्यदूतावासले निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## महसुल नतिर्नेको ‘लाइन’ काट्दै प्राधिकरण

■ प्रभाव संवाददाता

**राँझा (बाँके)** – नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रले विद्युत महसुल समयमै भुक्तानी नगर्ने पाँच हजार बढि सेवाग्राहीको ‘लाइन’ विच्छेद गरिदिएको छ ।

वितेको पाँच महिनाको अवधिमा लामो समयदेखि महसुल रकम नतिर्ने करिब पाँच हजार ५०० ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली प्रक्रिया सुरु गरेको नेपाल विद्युत् प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले जानकारी दिए ।

उनका अनुसार, लामो समयदेखि महसुल रकम नतिर्ने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियान सुरुआत गरेपछि नेपालगञ्ज वितरण केन्द्रले करिब रु पाँच करोड बक्यौता असुल गर्न सफल भएको छ । ‘बितेको पाँच महिनाको अवधिमा हामीले करिब साढे ५ हजार ग्राहकको लाइन काटेका छौँ । यसबाट बक्यौता रकम करिब रु छ करोड ३० लाख हुन गएको छ’, उनले भने, ‘लाइनविच्छेद गरेका मध्ये करिब चार हजार ५०० ग्राहकबाट विद्युत् लाइन पुनःजडान भई करिब रु पाँच करोड बक्यौता असुल भएको छ ।’ वितरण केन्द्रले लामो समयसम्म महसुल नबुझाउने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियानलाई निरन्तर रूपमा सञ्चालन गरिहेको छ । विद्युत् आपूर्ति सुधार र अनियमितता नियन्त्रणका लागि अनुगमनलाई तीव्र बनाएको केन्द्र प्रमुख मिश्रले बताए ।

विद्युत् लाइन प्रयोग गरेवापतको महसुल ६० दिनभित्र तिर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । उक्त अवधिभित्र बिल भुक्तानी नतिर्ने उपभोक्तामाथि अब स्वचालित रूपमा कारबाही हुनेछ । बक्यौता नतिर्ने ग्राहकको लाइन विच्छेद अभियानले ग्राहकलाई समयमै बिल तिर्नुपर्ने सचेतना जगाएको उनको भनाइ छ । बाँके जिल्लामा विद्युत् सेवा सुधार र चुहावट नियन्त्रणको लागि नेपालगञ्ज वितरण केन्द्रले मिटर अनुगमन, हुकिङ गर्ने वा मिटरमा गडबडी गर्ने ग्राहकहरूमाथि सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमन गरिरहेको छ ।

सेवा सुधार, चुहावट नियन्त्रण अभियानले पछिल्ला महिनाहरूमा बाँकेमा विद्युत् आपूर्तिमा सुधार देखिएको छ । नयाँ फिडर थपिएपछि ओभरलोडको समस्या घटेकाकारण गर्मीयाममा आपूर्ति अवरुद्ध नहुने केन्द्र प्रमुख मिश्रको दाबी छ । नेपालगञ्ज वितरण केन्द्र नो-लाइट शाखामार्फत महत्वपूर्ण स्थानहरूमा नांगो तार हटाइ केबुल विस्तारको काम भइरहेको छ ।

## टीकापुरमा हजार मेट्रिक टनको शीतभण्डार

**टीकापुर–** रानी जमरा कुलरिया सिँचाइ आयोजनाले कैलालीको टीकापुरमा निर्माण गरिरहेको शीतभण्डार यसै वर्षबाट सञ्चालन गर्ने तयारी गरिएको छ । शीतभण्डार निर्माणको अन्तिम चरणका विद्युत् जडान तथा ‘रेफ्रिजेरेसन’लगायतका काम भइरहेका छन् ।

निर्माणको म्याद २०८३ मङ्सिर मसान्तसम्म रहेकाले यसै वर्षबाट सञ्चालन गर्नेगरी काम भइरहेको रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख भरत कँडेलले बताए ।

शीतभण्डार निर्माणपछि रानी जमरा कुलरिया शीतभण्डार गृह सञ्चालन तथा व्यवस्थापन समितिलाई हस्तान्तरण गरिनेछ । रानी जमरा कुलरिया सिँचाइ प्रणाली जल उपभोक्ता संस्था मूल कुला समितिले यतिबेला शीतभण्डारको सेयर वितरण गरिरहेको छ । एकाइका प्रमुख कँडेलले शीतभण्डार गत वर्ष ८५ प्रतिशत निर्माण सम्पन्न भएको र यस वर्ष बाँकी काम सुरु भएको जानकारी दिए ।

‘बाँकी रहेको निर्माण र विद्युत् तथा रेफ्रिजेरेसन कार्य भइरहेको छ’, उनले भने, ‘यी दुई कार्यका लागि छुट्टाछुट्टै ठेक्का गरी रु एक करोड ३४ लाख ६६ हजार ९१५ मा निर्माण सुरु भएको छ । अहिले आयोजनाको ७५ प्रतिशत र उपभोक्ताको २५ प्रतिशत लगानी छ ।’

यसअघि आयोजनाको ८० प्रतिशत र उपभोक्ताको २० प्रतिशत लगानीमा रु सात करोड छ लाख ६९ हजारमा शीतभण्डार निर्माण भएको हो । एक हजार मेट्रिक टन क्षमताको शीतभण्डार विशेष गरी आलु भण्डारणका लागि प्रयोग गर्ने योजना छ । ‘आयोजनाले शीतभण्डार सञ्चालन कार्यविधि निर्माण गर्दैछ र व्यावसायिक योजना बनाइसकेको छ’, उनले भने, ‘भवन निर्माणपछि जल उपभोक्ता मूल समितिलाई हस्तान्तरण गर्ने र केही समय सञ्चालनमा लागि आयोजनाले सघाउनेछ ।’

शीतभण्डार सञ्चालनका लागि मूल कुला समितिमा आवद्ध किसान उपभोक्ताले यसअघि रु एक करोड ३१ लाख लागत सहभागिता जनाएका छन् । यसपटक रु ३३ लाख लगानी गर्नुपर्नेछ । यस वर्ष जल उपभोक्ता समितिले रु सात लाख लगानी गरेको बाँकी रकम उठ्ने क्रममा रहेको जनाइएको छ । उपभोक्ताले शीतभण्डार निर्माणका लागि तिर्नुपर्ने रकममा २०८१ सालमा टीकापुर नगरपालिकाले रु ७४ लाख सहयोग गरेको थियो भने चालु आवमा जानकी गाउँपालिकाले पनि रु १५ लाख छुट्याएको छ ।

उपभोक्ता समितिमा चार हजार ५९६ सेयर सदस्य छन् । जसमा ७१ हजार ६८३ सेयर कित्ता रहेको छ भने सेयर रकम ७१ लाख ६८ हजार ३०० पुगेको रानी जमरा कुलरिया सिँचाइ प्रणाली जल उपभोक्ता संस्था मूल कुला समितिका सचिव परशुराम महतोले बताए । ‘अहिले पनि किसानलाई सेयर वितरण भइरहेको छ’, उनले भने, ‘शीतभण्डार सञ्चालन भएमा यहाँका आलु र फलफूलखेती गर्ने किसानलाई राहत हुनेछ ।’

जानकी गाउँपीलकाका अध्यक्ष गणेश चौधरीले आयोजना सुरु गर्दा सिँचाइ सुविधा पुर्याउने र कृषि उत्पादन बढाउने उद्देश्यमात्र रहे पनि विस्तारै शीतभण्डार, विद्युत् उत्पादनजस्ता कार्य गरी सुविधा विस्तार गरेको बताए । अध्यक्ष चौधरीले भने, ‘हाम्रा पुर्खाले खनेर बनाएका कुला आधुनिकीकरण भएका छन् । खेतमा सिँचाइ सुविधा पुगेको छ । आयोजना विस्तारका क्रममा बाटो, पुलपुलेसा, तटबन्ध निर्माणसँगै बिजुली उत्पादन गरी वार्षिक रु १५ करोडको विद्युत बिक्री भइरहेको छ । अब हामीले हाइड्रोपावरको किसानले पनि सेयर पाउनुपर्ने माग गरेका छौँ ।’

अध्यक्ष चौधरीले हरेक परियोजनाबाट लक्षित वर्गलाई फाइदा हुनुपर्ने कुरामा ध्यान दिनुपर्ने बताउँदै शीतभण्डार सञ्चालनले पनि यहाँका किसानको आर्थिकस्तरमा सुधार आउनुपर्नेमा जोड दिए । टीकापुर साना सहरी खानेपानी तथा सरसफाइ संस्थाका अध्यक्ष खडक धामीले सिँचाइ आयोजनाले किसानको क्षमता अभिवृद्धि, उत्पादन वृद्धिसँगै उत्पादन भण्डारणमा समेत सघाउँदा खुसी लागेको बताए ।

मूल कुला समिति टीकापुरका अध्यक्ष कुमारराज शाहीले शीतभण्डार सञ्चालनमा सघाउने सिँचाइ आयोजना, स्थानीय पालिका टीकापुर र जानकी, सेयर लिएर सघाउने किसान सबैलाई धन्यवाद दिएका छन् । पहिले रानीजमराको कमाण्ड क्षेत्र टीकापुर, जानकी, लम्कीचुहामात्र थियो भने अहिले तेस्रो चरणसम्म पुग्दा क्षेत्र विस्तार भएर भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जोशीपुर, बर्दगोरिया गाउँपालिका पनि थपिएकाले त्यहाँका किसान सेयर सदस्य बन्न पाउने व्यवस्था छ ।

सिँचाइ आयोजनाले शीतभण्डार सञ्चालनमा आउने भएपछि यहाँ आलुखेती प्रवर्द्धनमा किसानलाई सघाइरहेको छ । आयोजनाले चालु आवमा दुई हेक्टरमा आलुको बिजवृद्धि सहयोग र १६२ हेक्टरमा आलु क्षेत्र विस्तार सहयोग कार्यक्रम गरेको छ । यसमा २५६ किसान लाभान्वित भएका छन् । आयोजनाले आगामी वर्ष आलु बालीको उत्पादन, बजारीकरण र स्याहारका लागि रु तीन करोड बजेट प्रस्ताव गरेको छ । आगामी वर्ष २५० हेक्टरमा आलुखेतीमा सघाउने योजना बनाएको जनाएको छ । *रासस*

## निजी क्षेत्रसँगको सहकार्यमा समृद्धि अभियान अघि बढाइने

■ प्रभाव संवाददाता



**मोरङ–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको आर्थिक गतिविधि सुदृढ बनाउन निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशद्वारा विराटनगरमा आयोजित चौथो कार्यकारिणी समितिको पदस्थापन समारोहको उद्घाटन गर्दै उनले निजी क्षेत्रलाई विश्वासमा लिएर समृद्धिको अभियान अघि बढाइने बताए । मुख्यमन्त्री कार्कीले राजनीतिक स्थायित्वसँगै मुलुकले आर्थिक रूपमा सकारात्मक दिशा लिने विश्वास व्यक्त गर्दै वर्तमान सरकारले देशविकासप्रति जनतामा विश्वास बढाएको बताए ।

उनले प्रदेश सरकारले आगामी बजेटलाई उत्पादनमुखी क्षेत्रमा केन्द्रित गर्न निर्देशन दिइएको बताउँदै विकासलाई सडक र पुलमा मात्र सीमित नराखी सूचना प्रविधि, पर्यटन तथा औद्योगिक क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले उद्योग-व्यवसायमैत्री वातावरण निर्माणमा महानगरले निरन्तर सहयोग गर्ने बताए । महासंघका नवनिर्वाचित अध्यक्ष राजेन्द्रबहादुर राउतले जलविद्युत्, पर्यटन, उद्योग र कृषिको आधुनिकीकरण गरेर समृद्ध नेपाल निर्माण गर्न सकिने धारणा व्यक्त गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ